# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३०९ | काठमाडौं | सोमबार, २५ फागुन २०८२ | Prabhab National Daily | Monday, 09 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# संसद्मा वर्चश्व गुमाउँदै कम्युनिस्ट





हामी हाम्रो वर्गबाट टाढा हुँदै गयौं, त्यो ठूलो भूल हो । यसलाई नसच्याउने हो भने हामी पनि पश्चिम बंगालमा जस्तो पतनको दिशामा जान्छौं ।

**झलनाथ खनाल**
नेता, नेकपा



आफ्नो आधारभूत वर्गसँगको साइनो नै टुट्दै गएपछि कम्युनिस्टहरूको हालत कमजोर हुँदै छ । मध्यम र पुँजीपति वर्गसँग साँठगाँठ भएपछि हुने यस्तै हो ।

**भीम भुर्तेल**
राजनीतिक विश्लेषक

**प्रतिनिधिसभामा कम्युनिस्टको उपस्थिति**

| |
|---|
| वि.सं. २०१५ मा १०५ मध्ये चार सांसद |
| वि.सं. २०४८ मा २०५ मध्ये ८१ |
| वि.सं. २०५१ मा २०५ मध्ये ९२ |
| वि.सं. २०६४ मा ६०१ मध्ये ३७० (बहुमत) |
| वि.सं. २०७० मा ६०१ मध्ये २८२ (बहुमत) |
| वि.सं. २०७४ मा २७५ मध्ये १७६ (बहुमत) |
| वि.सं. २०७९ मा २७५ मध्ये ११२ (अल्पमत) |
| वि.सं. २०८२ मा प्रत्यक्षतर्फ १६५ मध्ये १५ सिट (थप एक स्थानमा अग्रता) |

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले आगामी संसद्मा गैरकम्युनिस्ट दलहरूले स्पष्ट वर्चश्व जमाउने देखाएको छ । वि.सं. २०६४ यताका हरेक संसद्मा बहुमतमा रहने कम्युनिस्ट दलहरू यसपटक अल्पमतमा पुग्ने देखिएको छ ।

निर्वाचन आयोगका अनुसार यो समाचार तयार पार्दासम्म १६१ क्षेत्रको अन्तिम परिणाम आएको छ । सर्वाधिक १२४ सिटमा गैरकम्युनिस्ट दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जितेको छ । अन्तिम परिणाम आउन थप एक क्षेत्रमा पनि रास्वपाको अग्रता छ । गैरकम्युनिस्ट दल रास्वपाले अभूतपूर्व रूपमा विजयी हासिल गर्दै दुईतिहाइको एकल सरकार गठन गर्ने स्पष्ट जनादेश प्राप्त गरेको छ ।

प्रत्यक्षतर्फको १६५ मध्ये १२४ सिट जित्नु र एक सिट पनि जित्ने निश्चितजस्तै अवस्था रहनुले स्वाभाविकरूपमा कम्युनिस्टहरू निकै कमजोर अवस्थामा पुगेको देखाउँछ । अर्को गैरकम्युनिस्ट दल नेपाली कांग्रेसले १७ सिट जितेको छ र एक सिटमा अग्रता लिइरहेको अवस्था छ । श्रम संस्कृति पार्टीले तीन सिट, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले एक सिट जित्दा र स्वतन्त्र उम्मेदवार डा. महावीर पुन पनि विजयी भएका छन् । यो समाचार तयार पार्दासम्म सार्वजनिक भएको अन्तिम मत परिणामकै आधार मान्दा पनि गैरकम्युनिस्ट शक्तिहरू रास्वपा, कांग्रेस, श्रम संस्कृति र स्वतन्त्र गरी १४६ सिट जितेका छन् । दुई कम्युनिस्ट दल नेकपा एमालेले आठ सिट र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सात सिट जितेका छन् । भलै एमाले र नेकपा एक-एक सिटमा अगाडि छन् । यी सबै जिते भने पनि १७ सिट प्रत्यक्षमा हुन्छ । यो सिट संख्याले आगामी संसद्मा गैरवामपन्थीहरूको वर्चश्व हुने देखाउँछ ।


पहिलो संविधानसभा २०६४ मा ६०१ सदस्यमध्ये ३७० जना कम्युनिस्ट सभासद थिए । त्यसबेला तत्कालीन नेकपा माओवादीकोमात्रै २२९ सिट र एमालेको १०८ सिट थियो । नेकपा माले, जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत, नेपाल मजदुर किसान पार्टी, नेकपा संयुक्तलगयात दलका गरी ३३ सिट थियो । गैरकम्युनिस्टका २३१ जना सभासद थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

प्रतिनिधिसभा सदस्य निर्वाचन

# रास्वपालाई स्पष्ट बहुमत
# कांग्रेस प्रमुख प्रतिपक्षी दल

- यो निर्वाचनमा रास्वपाले प्रत्यक्षमै १२५ सिटमा जित निकालेको छ भने समानुपातिकमा ५० प्रतिशत हाराहारीमा मत कायम जारी राखेको छ
- २०७९ को निर्वाचनमा ८९ सिट जितेर पहिलो दल बनेको नेपाली कांग्रेस १७ सिटमा जित निकाल्दै प्रमुख प्रतिपक्षी बन्ने बाटोमा छ
- श्रम संस्कृति पार्टीले तीन सिट प्रत्यक्षमा जित्दा समानुपातिकमा पनि 'थ्रेस होल्ड' कटाउने अपेक्षा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यही फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई स्पष्ट बहुमतसहित पहिलो दल बनाएको छ । यो निर्वाचनमा रास्वपाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् प्रत्यक्षतर्फ नै १२४ सिटमा जित निकालिसकेको छ ।

यो समाचार तयार पार्दासम्म चार स्थानको मत परिणाम आउन बाँकी नै छ, जसमा रास्वपाले एक स्थानमा अग्रता लिएको छ भने अर्को एक स्थानमा दोस्रोमा रहेर प्रतिस्पर्धा गरिरहेको छ । यसबाट पनि रास्वपाले कम्तीमा एक सिट थप्ने देखिन्छ ।

समानुपातिकतर्फको मतगणना चलिरहँदा रास्वपाले ५० प्रतिशत हाराहारीमा मत कायम जारी राखेको छ । यो भनेको कूल सदर मतमा ५५ जना सांसद जित्ने मत हो । यदि यसो भएमा रास्वपाले १८० सिट जित्ने निश्चित भएको छ । समानुपातिकबाट कम्तीमा ५९ सिट जितेको खण्डमा रास्वपाको दुईतिहाइ बहुमत पुग्ने अवस्था छ ।

वि.सं. २०७९ को निर्वाचनमा ८९ सिट जितेर पहिलो दल बनेको नेपाली कांग्रेस १७ सिटमा खुम्चिँदै प्रमुख प्रतिपक्षी बन्ने बाटोमा छ । कांग्रेसले समानुपातिकमा पनि १८ सिटकै वरपर जित निकाल्ने प्रारम्भिक अनुमान देखिएको छ । यसो भएमा कांग्रेस अघिल्लो निर्वाचनभन्दा धेरै नै खुम्चिएर ३४ सिटमा चित्त बुझाउनुपर्ने अवस्थामा देखिन्छ ।

नेकपा एमालेले प्रत्यक्षमा नौ सिटमामात्र जित निकालेको छ । समानुपातिकमा १५ सिट वरपर जित निकाल्ने देखिन्छ । यसो भएमा एमालेको कूल सिट २४ सम्म पुग्ने देखिन्छ । यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले प्रत्यक्षमा सात सिटमा जित निकालेको छ । समानुपातिकमा छ प्रतिशतको हाराहारीमा मत ल्याइरहेको नेकपाले सात सिट पाएमा १४ सिटसहित चौथो दल बन्ने देखिन्छ । यता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रत्यक्षमा एक सिटमात्र जितेको छ । समानुपातिकमा तीन प्रतिशत कायमै राखे राष्ट्रिय दल बन्ने निश्चित छ ।

केही महिना अघिमात्र गठन भएको श्रम संस्कृति पार्टीले पहिलो प्रयासमै प्रतिनिधिसभामा तीन सिट सुरक्षित गरिसकेको छ । सुनसरीको धरान उपमहानगरका पूर्वमेयर हर्क साम्पाङको उक्त दलले समानुपातिकतर्फ पनि 'थ्रेसहोल्ड' कटाउने सम्भावना देखाएको छ । म्याग्दीमा एक सिटमा स्वतन्त्र उम्मेदवार महावीर पुन निर्वाचित भएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रत्यक्षबाट १४ महिला निर्वाचित

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फका १६५ सिटमध्ये १४ सिटमा महिला उम्मेदवार निर्वाचित भएका छन् । अन्तिम मत परिणाम सार्वजनिक हुन बाँकी चारवटै क्षेत्रमा महिला उम्मेदवारहरूको अग्रता वा निकटतम प्रतिद्वन्द्विता छैन । महिला निर्वाचित भएको यो संख्या प्रत्यक्षतर्फको कूल सिटमध्ये ८.४८ प्रतिशत हो । यसले प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व निकै कम भएको देखाउँछ । निर्वाचनमा प्रत्यक्षतर्फ तीन हजार ४०४ जनाको उम्मेदवारी परेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## समानुपातिकमा रास्वपाको अग्रता

समानुपातिक निर्वाचन प्रणालीमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता कायमै राखेको छ । यो समाचार तयार पार्दासम्म कूल ६३ लाख १८ हजार ५५७ मतगणना हुँदा रास्वपाले ३० लाख ८८ हजार बढी मत पाएको छ । यो कूल मतको ४९ प्रतिशत हो । कांग्रेसले १० लाख ४२ हजारभन्दा बढी मत कटाएको छ, यो कूल मतको १६ प्रतिशत हो । एमालेले नौ लाखको आसपासमा आफ्नो मत बढाएको छ । यो कूल मतको १४ प्रतिशत हो ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# 'रिटर्नी' व्यवस्थापनमा नयाँ सरकारलाई चुनौती

■ **ममता थापा**

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना अन्तिम चरणमा पुग्दै गर्दा नयाँ सरकार गठनको तयारी सुरु भएको छ । चुनावी प्रतिबद्धतामा दलहरूले स्वदेशमै रोजगारी सिर्जना, युवालाई रोजगारीको अवसर तथा वैदेशिक रोजगारी व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएका थिए ।

नयाँ सरकार गठन प्रक्रिया सुरु हुनै लाग्दा वैदेशिक रोजगारीबाट फर्किने श्रमिक (रिटर्नी)को व्यवस्थापन कसरी होला भन्ने आम चासो बढ्दै गएको छ । चुनावी परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ बहुमतसहितको शक्ति बन्ने संकेत देखाएसँगै यो विषयमा चासो बढेको हो । कारण रास्वपाले वैदेशिक रोजगारीमा रहेकाहरूलाई स्वदेशमै फर्कने वातावरण बनाउने वाचा गरेको छ ।

वैदेशिक रोजगार नेपालको अर्थतन्त्रको आधारशीला बन्दै आएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार हरेक वर्ष लाखौं युवाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । अघिल्लो आर्थिक वर्षमामात्र आठ लाख ३९ हजारभन्दा बढी श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए । हाल वैदेशिक रोजगारीमा ४० लाख नेपाली रहेको बताइन्छ ।



नेपालीहरूको प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कतार, मलेसियालगायतका मुलुक नै हुन् । पछिल्लो समय जापान, युरोपियन मुलुकहरूमा पनि जाने क्रम बढेको छ । विदेश जाने क्रम बढेसँगै निश्चित समयपछि उनीहरू स्वदेश फर्किन्छन् । रोजगारीमा जाने श्रमिकहरू प्रायः दुईदेखि पाँच वर्ष विदेशमा काम गरेपछि स्वदेश फर्किंदै आएका छन् । अध्यागमन विभागको तथ्यांक हेर्दा प्रत्येक महिना विभिन्न प्रयोजनका लागि विदेश जाने र स्वदेश फर्किनेको संख्या करिब उस्तै देखिन्छ ।

खाडीलगायतका विभिन्न मुलुक गएका कतिपय भने श्रम स्वीकृति नवीकरण गरेर दशकौंसम्म एउटै कम्पनीमा गइरहन्छन् । खाडी मुलुकमा धेरै कमाइ नहुने हुँदा कतिपय श्रमिकहरू घर बनाउने, छोराछोरीको शिक्षालगायतको प्रयोजनका लागि एउटै कम्पनीमा दशकौं काम गर्ने गरेका छन् । नेपाल फर्किएपछि रोजगारीको टुंगो नहुने हुँदा उनीहरू पटक-पटक विदेसिने गरेको पाइन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## भएका कार्यक्रम छैनन् प्रभावकारी

सरकारले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरू 'रिटर्नी'का लागि केही कार्यक्रम सञ्चालन गरेको छ । उदाहरणका लागि वैदेशिक रोजगार बोर्डले विदेशबाट फर्किएकाहरूका लागि उद्यमशीलता प्रवर्द्धन तथा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने कार्यक्रम अघि सारेको छ । तर यो कार्यक्रमबाट अधिकांश श्रमिकले लाभ लिएको पाइँदैन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि स्वीस सरकारसँगको सहकार्यमा रिइन्टिग्रेसन अफ रिटर्नी माइग्रेन्ट वर्कर्स(रेमी) परियोजना सञ्चालन गर्दै आएको छ । तर यस्ता कार्यक्रममा पनि दलमा आबद्ध भएका श्रमिकहरू मात्र जोडिएको पाइन्छ । केही समयअघि श्रम मन्त्रालयको कार्यक्रममा भेटिएकी नुवाकोटकी ४४ वर्षीया हिरा पोखरेलले उक्त कार्यक्रमभित्र संगठित रिटर्नीहरू कुनै न कुनै दलमार्फत जोडिएको बताएकी थिइन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# जाँचबुझ आयोगले बुझायो प्रतिवेदन

"कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ । न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ । यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ ।"



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले प्रतिवेदन सरकारलाई बुझाएको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसमक्ष प्रतिवेदन बुझाएको हो ।

आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य थिए । एक हजार पृष्ठको प्रतिवेदनमा केही व्यक्तिलाई फौजदारी अपराधमा कारबाही चलाउन सिफारिस गरिएको बताइएको छ ।

प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरेपछि आयोगका सदस्य शर्माले करिब २०० जनालाई सोधपुछ गरिएको र विज्ञहरूसँग पनि राय लिएर तयार गरिएको प्रतिवेदनमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको जानकारी दिए । आयोगका अध्यक्ष कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र विनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

## 'प्रतिवेदन अध्ययन गरेर कार्यान्वयनमा लगिन्छ'

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको प्रक्रियामा लगिने बताएकी छन् । उक्त आयोगको प्रतिवेदन ग्रहण गरेपछि उनले त्यसलाई अब आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताइन् ।

प्रधानमन्त्रीले प्रतिवेदन अध्ययन गरी कार्यान्वयनको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक पनि गर्ने बताइन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**



## रास्वपालाई...

धनुषा-१ को मत परिणाम भने उम्मेदवारी खारेजीमा परेका रास्वपाका किशोरी साहको मत धेरै आएपछि निर्वाचन आयोगले 'होल्ड'मा राखेको छ ।

### यी हुन् रास्वपाबाट विजयी १२४ सांसद

रास्वपा यो निर्वाचनबाट सबैभन्दा ठूलो पार्टी बनेको छ । रास्वपाले यो निर्वाचनमा प्रत्यक्षतर्फ १२४ क्षेत्रमा जित निकालेको छ । कोशी प्रदेशबाट झापाका पाँचै क्षेत्रमा रास्वपाले जित निकालेको छ । झापा-१ मा निशा डाँगी, झापा-२ मा इन्दिरा राना मगर, झापा-३ बाट प्रकाश पाठक, झापा-४ बाट शम्भुप्रसाद ढकाल र झापा-५ बाट बालेन्द्र शाह निर्वाचित भएका छन् ।

मोरङका छ वटा क्षेत्र पनि रास्वपाले 'क्लिनस्विप' गरेको छ । मोरङ-१ बाट यज्ञमणि न्यौपाने, मोरङ-२ बाट कृष्णकुमार कार्की, मोरङ-३ बाट गणेश कार्की, मोरङ-४ बाट सन्तोष राजवंशी निर्वाचित भएका छन् । यसैगरी मोरङ-५ बाट आशा झा र मोरङ-६ बाट रुबिना आचार्य निर्वाचित भएका छन् ।

सुनसरी-२ मा लालविक्रम थापा, सुनसरी-३ मा अशोककुमार चौधरी र सुनसरी-४ मा दीपककुमार साह निर्वाचित भएका छन् । ओखलढुंगामा विश्वराज पोखरेल, उदयपुर-१ बाट पारसमणि गेलाल र उदयपुर-२ बाट सूर्यबहादुर तामाङ निर्वाचित भएका छन् ।

मधेसमा रौतहट-२ र धनुषा-१ बाहेक अरु क्षेत्रमा रास्वपाले 'क्लिनस्विप' गरेको छ । सप्तरी-१ बाट पुष्पाकुमारी चौधरी, सप्तरी-२ बाट रामजी यादव, सप्तरी-३ बाट अमरकान्त चौधरी, सप्तरी-४ बाट सिताराम साह निर्वाचित भएका छन् । सिरहा-१ बाट पूर्वमन्त्री बब्लु गुप्ता, सिरहा-२ बाट शिवशंकर यादव, सिरहा-३ बाट शम्भुकुमार यादव, सिरहा-४ बाट तपेश्वर यादव निर्वाचित भएका छन् ।

धनुषा-१ को मत गणना जारी छ । उम्मेदवारी खारेजीमा परेका रास्वपाका किशोरी साहको मत धेरै आएपछि निर्वाचन आयोगले यहाँको परिणाम 'होल्ड'मा राखेको छ । धनुषा-२ मा रामविनोद यादव, धनुषा-३ मा रास्वपाका प्रवक्ता मनिष झा र धनुषा-४ मा राजकिशोर महतो निर्वाचित भएका छन् । महोत्तरी-१ मा प्रमोदकुमार महतो, महोत्तरी-२ मा दीपककुमार साह, महोत्तरी-३ मा उज्जवलकुमार झा र महोत्तरी-४ मा गौरी कुमारी निर्वाचित भएका छन् ।

यता सर्लाही-१ मा नीतिमा भण्डारी, सर्लाही-२ मा रविन महतो, सर्लाही-३ मा नरेन्द्र साह कलवार, सर्लाही-४ मा अमरेशकुमार सिंह निर्वाचित भएका छन् । रौतहट-१ मा रोजशकुमार चौधरी, रौतहट-३ मा रविन्द्र पटेल, रौटहट-४ मा गणेश पौडेल निर्वाचित भएका छन् । बारा-१ मा गणेश धिमाल, बारा-२ मा चन्दनकुमार सिंह, बारा-३ मा अरबिन्द साह, बारा-४ मा रहवर अन्सारी निर्वाचित भएका छन् । पर्सा-१ मा बुद्धिप्रसाद पन्त, पर्सा-२ मा सुशीलकुमार कानु, पर्सा-३ मा रामाकान्त प्रसाद चौरसिया र पर्सा-४ मा टेकबहादुर शाक्य निर्वाचित भएका छन् ।

बागमतीमा रास्वपाले लगभग 'क्लिनस्विप' गरेको छ । काठमाडौं-१ मा रञ्जु दर्शना न्यौपाने, काठमाडौं-२ मा सुनिल केसी, काठमाडौं-३ मा राजु पाण्डे, काठमाडौं-४ मा पुकार बम, काठमाडौं-५ मा सस्मित पोखरेल, काठमाडौं-६ मा शिशिर खनाल, काठमाडौं-७ मा गणेश पराजुली, काठमाडौं-८ मा विराजभक्त श्रेष्ठ, काठमाडौं-९ मा डोलप्रसाद अर्याल र काठमाडौं-१० मा प्रदीप विष्ट निर्वाचित भए । भक्तपुर-१ मा रुकेश रञ्जित र भक्तपुर-२ मा राजीव खत्री निर्वाचित भए । ललितपुर-१ मा बुद्धरत्न महर्जन, ललितपुर-२ मा जगदीश खरेल, ललितपुर-३ मा डा. तोसिमा कार्की निर्वाचित भएका छन् ।

चितवन-१ मा हरि ढकाल, चितवन-२ मा रास्वपाका सभापति रवि लामिछाने र चितवन-३ मा सोविता गौतमले जितेका छन् । नुवाकोट- १ मा विक्रम तिमिल्सिना, नुवाकोट-२ मा अच्युतम लामिछाने निर्वाचित भए । धादिङ-१ मा आशिका तामाङ, धादिङ-२ मा रास्वपाकै बोधनारायण श्रेष्ठ निर्वाचित भए ।

मकवानपुर-१ मा प्रकाश गौतम, मकवानपुर-२ मा प्रशान्त उप्रेती, सिन्धुली-१ मा धनेन्द्र कार्की, सिन्धुली-२ आशिष गजुरेल निर्वाचित भए । रामेछापमा कृष्णहरि बुढाथोकी, दोलखामा जगदीश खरेल, काभ्रे-१ मा मधुप्रसाद चौलागाईं, काभ्रे-२ मा बदनकुमार भण्डारी, सिन्धुपाल्चोक-१ मा भरत चौलागाईं निर्वाचित भए ।

गण्डकीका अधिकांश क्षेत्रमा रास्वपाले जित निकालेको छ । गोरखा-१ मा सुधन गुरुङ जित नजिक छन् । गोरखा-२ मा कबिन्द्र बुर्लाकोटी निर्वाचित भएका छन् । लमजुङमा धर्मराज केसी, कास्की-१ मा खडकराज पौडेल, कास्की-२ मा उत्तम पौडेल, कास्की-३ मा बिना गुरुङ निर्वाचित भएका छन् । तनहुँ-१ मा स्वर्णिम वाग्ले, तनहुँ-२ मा श्रीराम न्यौपाने, स्याङजा-१ मा धनञ्जय रेग्मी र स्याङजा-२ मा झविलाल डुम्रे निर्वाचित भएका छन् । नवलपरासी-१ मा राजन गौतम र नवलपरासी २ मा मनिष खनालले जिते ।

बागलुङ-१ मा सुशील खड्का, बागलुङ-२ मा सोम शर्मा, पर्वतबाट सागर भुसाल निर्वाचित भएका छन् । गुल्मी-१ बाट सागर ढकाल, गुल्मी-२ बाट गोविन्द पन्थी, पाल्पाबाट माधव थापा, अर्घाखाँचीबाट हरिप्रसाद भुसाल निर्वाचित भएका छन् । रूपन्देहीका पाँचै क्षेत्रमा रास्वपाले जित निकालेको छ । रूपन्देही-१ मा सुनिल लम्साल, रूपन्देही-२ मा सुलभ खरेल, रूपन्देही-३ मा डा. लेखजंग थापा, रूपन्देही-४ मा कन्हैया बनियाँ र रूपन्देही-५ मा तौफिक अहमद खान निर्वाचित भएका छन् । कपिलवस्तु-१ मा मोहनलाल आचार्य, कपिलवस्तु-२ मा विक्रम थापा निर्वाचित भएका छन् ।

प्युठानमा सुशान्त वैदिक निर्वाचित हुँदा दाङ-१ मा देवराज पाठक, दाङ-२ मा विपिन आचार्य र दाङ-३ मा कमल सुवेदी निर्वाचित भए । बाँके-१ मा सुरेशकुमार चौधरी र बाँके-२ मा खगेन्द्र सुनार निर्वाचित हुँदा बर्दिया-१ मा ठाकुरसिंह थारु र बर्दिया-२ मा श्रीधर पोखरेल निर्वाचित भएका छन् । नवलपुर-१ बाट विक्रम खनाल, नवलपुर २ बाट नरेन्द्रकुमार गुप्ता निर्वाचित भएका छन् ।

कर्णालीमा रास्वपाबाट सुर्खेत क्षेत्र-२ मा रमेशकुमार सापकोटामात्र निर्वाचित भएका छन् । सुदूरपश्चिममा कैलालीका पाँचवटै क्षेत्रमा रास्वपाले जित निकाल्न सफल भयो । कैलाली-१ मा कोमल ज्ञवाली, कैलाली-२ मा केपी खनाल, कैलाली-३ मा जगतप्रसाद जोशी, कैलाली-४ मा खेमराज कोइराला र कैलाली-५ मा आनन्दबहादुर चन्द विजयी भए । बैतडीमा हरिमोहन भण्डारी, डडेलधुरामा ताराप्रसाद जोशी विजयी भए । कञ्चनपुर-१ मा जनकसिंह धामी, कञ्चनपुर-२ मा दीपक बोहरा र कञ्चनपुर-३ मा ज्ञानेन्द्रसिंह महता विजयी भए ।

### कांग्रेसले जितेका १७ स्थान

नेपाली कांग्रेसले प्रत्यक्षमा १७ सिट जितेको छ । मुगुबाट खड्ग शाही, बाजुराबाट जनकराज गिरी, रौतहट-२ बाट मोहमद फिरदोश आलम, पाँचथरबाट नरेन्द्रकुमार केरुङ, पाल्पा-१ मा सन्दीप राना, कपिलवस्तु-३ बाट अभिषेकप्रताप शाह, जाजरकोटमा खड्कबहादुर बुढा, डोटीमा भारतबहादुर खड्का, अछाम-१ मा भरतकुमार स्वाँर, दैलेख-१ मा बासना थापा, सुर्खेत-१ मा विष्णुबहादुर खड्का विजयी भएका छन् ।

मनाङमा टेकबहादुर गुरुङ, मुस्ताङमा योगेश गौचन थकाली, रसुवामा मोहन आचार्य, तेह्रथुममा सन्तोष, सोलुखुम्बुमा प्रकाशसिंह कार्की निर्वाचित भएका छन् । हुम्लाबाट जयपति रोकाय निर्वाचित भएका छन् । इलाममा भने श्रम संस्कृति पार्टीका विनोद नेम्वाङ, कांग्रेसका निस्कल राई र एमालेका काजीमान कागते कसले जित्ने भन्ने तीव्र प्रतिस्पर्धा भइरहेको छ ।

### एमाले आठ सिटमा जित, एकमा अग्रता

नेकपा एमालेबाट आठ जनामात्र निर्वाचित भएका छन् । गणना जारी रहेका ठाउँमा पनि एक क्षेत्रमामात्र अग्रता छ । एमालेका विजयी उम्मेदवारहरूमा कोशीमा ताप्लेजुङबाट क्षितिज थेवे, इलाम-२ बाट सुहाङ नेम्वाङ, धनकुटाबाट राजेन्द्रकुमार राई छन् । लुम्बिनीमा बाँके-२ बाट मो. इश्तियाक राई, कर्णालीमा दैलेखबाट लक्ष्मीप्रसाद पोखरेल र सुदूरपश्चिममा बझाङबाट ऐनबहादुर मगर र दार्चुलाबाट गणेशसिंह ठगुन्ना, अछाम-२ बाट यज्ञ बोगटी निर्वाचित भएका छन् । संखुवासभामा झिनो मतले एमालेका उम्मेदवार अगाडि छन् ।

### नेकपा विजयी सात सिट

प्रतिनिधिसभा निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले प्रत्यक्षतर्फ जम्मा सात सिट जितेको छ । नेकपाले रोल्पा, सल्यान, सिन्धुपाल्चोक-२, कालीकोट, रुकुमपूर्व, रुकुमपश्चिम र डोल्पामा विजय हासिल गरेको हो ।

पार्टीका संयोजक पुष्पकमल दाहाल रुकुम पूर्वबाट १० हजार २४० मतका साथ विजयी भए । यस्तै नेता वर्षमान पुन रोल्पाबाट २७ हजार ४६०, सल्यानबाट रमेश कुमार मल्ल २३ हजार १८९ मतका साथ विजयी हुँदा सिन्धुपाल्चोक-२ बाट युवराज दुलालले २१ हजार ६९९ मत प्राप्त गरे ।

यसैगरी रुकुम पश्चिममा गोपाल शर्मा २१ हजार ६०९ मतका साथ विजयी हुँदा कालीकोटबाट महेन्द्रबहादुर शाही ११ हजार ७३९ मतका साथ विजयी भए । यस्तै डोल्पाबाट धनबहादुर बुढा छ हजार ८०२ मतका साथ विजयी भए ।

### श्रम संस्कृति पार्टी तीन सिट

गएको कात्तिकमा दर्ता भएको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ तीन स्थानमा जित हासिल गरेको छ । श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङ सुनसरी-१, महासचिव आरेन राई खोटाङ र ध्रुवराज राई भोजपुरबाट निर्वाचित भएका हुन् । धरान उपमहानगरपालिकाका मेयर साम्पाङले गत असोजमा पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए । आयोगले कात्तिक १६ गते दल दर्ताको प्रमाणपत्र दिएको थियो ।

### ज्ञानेन्द्र शाहीले जोगाए राप्रपाको दुमो

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यो निर्वाचनमा प्रत्यक्षबाट एक सिटमात्र जित निकाल्यो । राप्रपाबाट उम्मेदवार बनेका ज्ञानबहादुर (ज्ञानेन्द्र) शाही जुम्लाबाट निर्वाचित भएका हुन् ।

शाहीले नेकपाका उमेदवार नरेश भण्डारीलाई तीन हजार १८१ मतान्तरले पराजित गरेका हुन् । शाहीले १४ हजार ८१६ मत प्राप्त गर्दा भण्डारीले ११ हजार ६३५ मतमा रोकिए । कांग्रेसका उमेदवार दीपबहादुर शाहीले सात हजार १४३ मत पाउँदा एमालेका उमेदवार शान्तिलाल महत चार हजार ५१८ मतसहित चौथो स्थानमा रहे । यहाँ रास्वपाकी उमेदवार विनिता कठायतले ४२१ मत मात्र प्राप्त गरिन् ।

### स्वतन्त्रमा एक्ला महावीर पुन

त्रिभुज चुनाव चिह्न पाएर स्वतन्त्र उम्मेदवारको रूपमा चुनाव भिडेका महावीर पुन म्याग्दीबाट निर्वाचित भएका हुन् । उनी शिक्षामन्त्रीबाट राजीनामा दिएर चुनावी मैदानमा गएका थिए । उनलाई रास्वपालगायत दलहरूको समर्थन थियो । २२ हजार ८५० मतका साथ उनी निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गरे ।

■■■

## प्रत्यक्षबाट १४...

तीमध्ये ३९६ जना महिला उम्मेदवार थिए । दलगत तथा स्वतन्त्र गरी चुनावी मैदानमा उत्रिएका यी महिला उम्मेदवारमध्ये १४ जनामात्रै विजयी हुन सफल भएका छन् । यसमध्ये १३ जना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का छन् । एक जना नेपाली कांग्रेसकी हुन् ।

रास्वपाले प्रत्यक्षतर्फ १७ जना महिला उम्मेदवार उठाएको थियो, जसमा १३ जना विजयी भए । रास्वपाबाट विजयी हुने महिला उम्मेदवारहरूमा झापा-२ बाट इन्दिरा रानामगर, चितवन-३ बाट सोविता गौतम, मोरङ-६ बाट रुविना आचार्य, झापा-१ बाट निशा डाँगी, सर्लाही-१ बाट नीतिमा भण्डारी कार्की, ललितपुर-३ बाट डा. तोसिमा कार्की, धादिङ-१ बाट आशिका तामाङ, सप्तरी-१ बाट पुष्पाकुमारी चौधरी, कास्की-३ बाट बिना गुरुङ, मोरङ-५ बाट आशा झा, कैलाली-१ बाट कोमल ज्ञवाली र काठमाडौं-१ बाट रञ्जु दर्शना न्यौपाने छन् ।

दैलेख-१ बाट नेपाली कांग्रेसकी बासना थापा विजयी भएकी छन् । प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारको उपस्थिति उल्लेख्य भए पनि जित्ने संख्या भने निकै कम रहेको देखिएको छ । यसले राजनीतिक दलहरूले उम्मेदवारी दिने क्रममा महिलालाई सीमित अवसर दिने तथा प्रतिस्पर्धात्मक क्षेत्रमा कम प्राथमिकता दिने प्रवृत्ति अझै कायम रहेको विश्लेषकहरू बताउँछन् ।

जबकि, संसद्मा ३३ प्रतिशत महिला प्रतिनिधित्व गर्नैपर्ने संवैधानिक प्रावधान छ । यसले गर्दा अब झण्डै २५ प्रतिशत महिला सांसद समानुपातिक प्रणालीबाट छनोट गर्नुपर्ने बाध्यता दलहरूलाई परेको छ ।

■■■

## समानुपातिकमा ...

नेकपाले चार लाख ४० हजारको नजिक पुऱ्याएको छ । यो कूल मतको छ प्रतिशत हो । राप्रपाले दुई लाख २० हजारभन्दा बढी मत बनाएको छ । श्रम संस्कृतिले एक लाख ७६ हजार ३४९ मत बनाएको छ । पछिल्लो मतगणनाअनुसार जनता समाजवादी पार्टीले ८४ हजार मत कटाउँदा राष्ट्रिय परिवर्तन पार्टीले ७३ हजार मत कटाएको छ ।

■■■

## संसद्मा वर्चश्व...

वि.सं. २०७० को दोस्रो संविधानसभामा पनि कम्युनिस्ट पार्टीहरूको वर्चश्व थियो । त्यसबेला ६०१ सभासदमध्ये २८२ जना कम्युनिस्ट सभासद थिए । एमालेको १८४, माओवादीको ८३ सिट छँदा अन्य साना कम्युनिस्ट दलहरूको सिट १५ थियो । २०७४ को प्रतिनिधिसभामा त एमाले र माओवादीको सिट संख्या दुईतिहाइ नजिक थियो । एमालेको १२१ र माओवादीको ५३ सिटमा जनमोर्चा र नेमकिपाको गरी दुई सिट जोड्दा १७६ सिट कम्युनिस्टहरूको थियो ।

२०७९ को निर्वाचनमा पनि कम्युनिस्टहरू अल्पमतमा परेका थिए । एमालेको ७८ र माओवादीको ३२, नेकपा एकीकृत समाजवादीको १०, जनमोर्चासँगै नेमकिपाको गरी दुई जोड्दा १२२ सांसद थिए । यसपटक भने कम्युनिस्टहरूको बिजोक देखिएको छ ।

राजनीतिक विश्लेषक भीम भुर्तेल कम्युनिस्टहरू अल्पमतमा पर्दै जानु उनीहरूले आफ्नो वर्ग नै भुल्दै जानुको परिणाम हो । श्रमजीवी, मजदुर र किसान वर्गसँग कम्युनिस्ट पार्टीहरूको सम्बन्ध टुटेकाले नेपालका कम्युनिस्टहरू विस्तारै अस्तित्व संकटको दिशामा अघि बढेको उनको विश्लेषण छ । 'आफ्नो आधारभूत वर्गसँगको साइनो नै टुट्दै गएपछि कम्युनिस्टहरूको हालत कमजोर हुँदै छ,' उनी भन्छन्, 'मध्यम र पुँजीपति वर्गसँग साँठगाँठ भएपछि हुने यस्तै हो ।'

नेपालको पहिलो संसद् २०१५ मा १०५ सांसदमध्ये चार जना कम्युनिस्ट थिए । २०४८ मा २०५ सदस्यीय प्रतिनिधिसभा छँदा एमालेको ६८, संयुक्त जनमोर्चा नेपालको नौ, नेकपा संयुक्त र नेमकिपाको दुई/दुई गरी कूल ८१ जना सांसद थिए । यो प्रतिनिधित्व तुलनात्मकरूपमा बढ्दो हो । २०५१ मा त संसद्मा पहिलोपटक कम्युनिस्ट पार्टी एमाले पहिलो भएको थियो । एमालेको ८८ जना सांसद हुँदा नेमकिपाको चार जोड्दा ९२ जना थिए । २०५६ को प्रतिनिधिसभा निर्वाचनमा एमालेको ७१, राष्ट्रिय जनमोर्चाको पाँच, संयुक्त जनमोर्चा नेपालको एक र नेपाल मजदुर किसान पार्टीको तीन गरी ८० जना सांसद थिए । तर, २०६४ यता कम्युनिस्टहरूको संसद्मा वर्चश्व हुने गरेको थियो । यसपटक भने वर्चश्व गुमेको छ ।

नेपाली कम्युनिस्ट पार्टीका नेता झलनाथ खनाल पनि कम्युनिस्टहरू विस्तारै आफ्नो वर्गबाट अलग हुँदै गएको र त्यसकै परिणति अहिलेको निर्वाचन परिणाम भएको बताउँछन् । उनले भने, 'हामी हाम्रो वर्गबाट टाढा हुँदै गयौं, त्यो ठूलो भूल हो । यसलाई नसच्याउने हो भने हामी पनि पश्चिम बंगालमा जस्तो पतनको दिशामा जान्छौं ।'

पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ नेपालमा कम्युनिस्ट पार्टीका संस्थापकहरू हुन् । निरंकुश राणाकाल छँदा स्थापित पार्टीले श्रमजीवी, मजदुर र किसान वर्गको हित गर्ने लक्ष्य राखेको थियो । देशलाई समाजवादीको दिशामा लाने मार्गचित्र कोरेका थिए । तर, २०१५ यताको संसद्मा क्रमशः प्रतिनिधित्वको आकार बढ्दै गयो, सरकार पनि कम्युनिस्टहरूले २०५१ यता पटक-पटक गठन गरे । मनमोहन अधिकारी, पुष्पकमल दाहाल, केपी शर्मा ओली, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराईलगायत प्रधानमन्त्री बने । सत्तामा पुगेन पनि आधारभूत वर्गको सेवा नगर्दै सत्ता र शक्तिको खेलमा रमाउँदै जाँदा अन्ततः कम्युनिस्ट पार्टीहरू जनअनुमोदित हुन क्रमशः असफल हुँदै स्पष्ट अल्पमतको दिशामा अघि बढेका छन् ।

■■■

## 'रिटर्नी' व्यवस्थापनमा...

उदयपुर गाइघाटका जितबहादुर खड्का २०६८ सालमा साउदी अरेबियाको अरामको कम्पनीमा कन्स्ट्रक्सनमा गएका थिए । ४३ वर्षका खड्का हालसम्म चारपटक छुट्टीमा नेपाल आए । प्रभावसँग 'भर्चुअल' माध्यमबाट कुरा गर्दै उनले अझै दुई तीन वर्षपछिमात्रै कम्पनीबाट बिदा भएर आउने उनले बताए । 'विदेश आएको त १४ वर्ष भयो नि । तर छोराछोरीले पढाइ सकेका छैनन्,' उनले भने, 'त्यहाँ आएपछि काम हुँदैन । गाईघाटमा घर बनाएको ऋण छ । छोराले ब्याचलर सक्न एक वर्ष बाँकी छन् । उसलाई कुनै राम्रो देश पठाएर फर्किन्छु ।'

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा रोजगारी र युवाको भविष्य प्रमुख मुद्दा बनेको छ । दलहरूले स्वदेशमै रोजगारी सिर्जना गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने र फर्किएका श्रमिकलाई पुनर्स्थापित गर्ने कार्यक्रममा जोड दिने बताएका छन् । तर विगतका अनुभवले यस्ता प्रतिबद्धताको कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ ।

केही वर्षअघि कोरोना महामारीका कारण हजारौं नेपाली स्वदेश फर्किन बाध्य भएका थिए । तर महामारी साम्य भएपछिको तथ्यांक हेर्दा रोजगारीमा जानेहरूको संख्या झन् बढ्दै गएको देखिन्छ । उक्त समयमा फर्किएका श्रमिकको व्यवस्थापन र पुनस्थापनाका लागि दीर्घकालीन योजना नभएको भन्दै आलोचना भएको थियो । कमाएर ल्याएको पुँजी लगानी गर्न चाहनेहरूका लागि सुरक्षित वातावरण नभएको वैदेशिक रोजगारीबाट फर्किएकाहरूले बताउने गरेका छन् ।

■■■

## भएका कार्यक्रम...

आफ्नो जिल्लाको संगठनको नेतृत्व एमालेले गरिरहेको उनको भनाइ थियो । हरेक क्षेत्रमा राजनीतिले प्रवेश पाउँदा यस्ता कार्यक्रमबाट पहुँच नभएका श्रमिकहरूले लाभ लिन नसकेको देखिन्छ । चुनावको नतिजा लगभग आइसक्दा नयाँ सरकारसामु वैदेशिक रोजगारीको व्यवस्थापनसँगै फर्किएका श्रमिकलाई यहिँ अवसर प्रदान गर्नु प्रमुख चुनौती हो । श्रमिकहरूको ज्ञान र सीपको सदुपयोग गर्ने क्षेत्रमा नयाँ सरकारको परीक्षा हुने देखिन्छ ।

■■■

## जाँचबुझ...

भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उनले बताए । 'कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ । न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ । न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ । यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ,' अध्यक्ष कार्कीले भने ।

आयोगका सदस्य शर्माले यो प्रतिवेदन जाँचबुझमात्र भएकाले अब कारबाही गर्ने निकायले अनुसन्धान गर्नुपर्ने र यसमा अनुसन्धानका लागि आधार तयार गरिदिएको बताए । अर्का सदस्य भण्डारीले सुशासनका लागि के गर्ने भन्ने विषयमा प्रतिवेदनले उल्लेख गरेका कुरा कार्यान्वयन गर्न सके मुलुकको अवस्था धेरै फेरिन सक्ने बताए ।

भदौ २३ र २४ गते भएका आन्दोलन र प्रदर्शनका क्रममा भएको दमन, आगजनी तथा तोडफोडको छानबिन गर्न उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको थियो । जेन-जी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो भने सिंहदरबारसहित देशका अधिकांश संरचनाहरू जलाइएको थियो ।

■■■

## प्रतिवेदन अध्ययन...

'सार्वजनिक गर्ने कुरामा पनि हामी छलफल गर्छौं यसको विवरण हेरेर पूरै दस्तावेज तत्कालै सार्वजनिक गर्न नसके निचोडमात्र भए पनि सार्वजनिक गर्छौं,' उनले भनिन् । प्रतिवेदनमा यथार्थ वस्तुस्थिति र सत्यतथ्य समावेश भएको विश्वास पनि उनले व्यक्त गरिन् । प्रधानमन्त्री कार्कीले आयोगका अध्यक्ष एवं सदस्यहरूले गरेको मिहेनतको सराहना गरेकी छन् ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२५ गते**

यस कम्पनीको मिति २०८२/१०/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेवार हेरिटेज एण्ड इन्टरप्राईज काउन्सील प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेवा हेरिटेज एण्ड इन्टरप्राइज काउन्सील प्रा.लि. (प्रा.लि.नं. ३६८९०१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**युएइमा रोजगार** कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ पुन विज्ञापन LT. No. 334660 चलानी नं. ६०२४८३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packers | 100 | 0 | 1000 | ३९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 88 | 0 | 1000 | ३९,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २ गते (16th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74



**मलेसियामा रोजगार** कम्पनी : JACK MENG ENTERPRISE

पूर्व स्वीकृति मिति : २०८२/११/२४ LT. No. 339894 चलानी नं. ६०२५३२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1700 | ६३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २ गते (16th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488
श्रम इजाजत नं. ८९८/०६७/०६८



**मलेसियामा रोजगार** कम्पनी : SMART FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/08/१३ LT. No. 322888 चलानी नं. ६०२३६९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 96 | 0 | 1700 | ६३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २ गते (16th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. , E-mail: globaldynamics1594@gmail.com, Mob: 9806931497, 9744234691
श्रम इजाजत नं.१५९४/०७९/८०

## मतदातालाई धन्यवाद



तनहुँ निर्वाचन क्षेत्र नम्बर १ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा. स्वर्णिम वाग्ले आइतबार व्यास-१४ छाब्दीमा मतदातालाई धन्यवाद दिँदै ।



इलाम क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मतदातालाई आइतबार सम्बोधन गर्दै सुहाङ नेम्वाङ । तस्बिरः रासस

# 'राज्यका नीति निर्माण तहमा महिलालाई समावेश गर्न आवश्यक'

■ प्रभाव संवाददाता





**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले राज्यका नीतिनिर्माण तहमा महिलालाई ल्याउन आवश्यक भएको बताएकी छन् । ११६औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आइतबार प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा उनले समाजमा पछि परेका, विकासको मूलधारबाट वञ्चित महिला बढी प्रताडित हुनुपरेको बताइन् ।

'विशेषगरी दलित महिला, कर्णालीका महिला, मधेसका महिला तथा सीमान्तकृत समुदायका महिलाको आवाज राज्यका नीतिनिर्माण तहसम्म पुऱ्याउन अपरिहार्य भएको छ,' प्रधानमन्त्री कार्कीले भनिन् ।

दलित, मधेस, कर्णालीलगायत सीमान्तकृत महिलाका अवस्थामा अझै सुधार नआएको उनले बताइन् । महिलालगायत विकासको मूलधारबाट पछि परेको वर्गलाई मूलधारमा समाहित गर्ने तथा अवसर र स्रोतहरूमा पहुँच सुनिश्चित गर्नुपर्नेमा प्रधानमन्त्री कार्कीले जोड दिइन् । राष्ट्र निर्माणमा प्रत्येक नागरिकको सम्मानयुक्त सहभागिता सुनिश्चित गर्नु नै लोकतन्त्रको मूल मन्त्र हुनुपर्ने उनको कथन थियो ।

गत भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनको मूल आवाज पनि समानता र सुशासनका निम्ति थियो भन्दै प्रधानमन्त्री कार्कीले अन्याय, विभेद र असमानता अन्त्य गर्न समाजका हरेक वर्गबाट सक्रिय सहयोग हुनुपर्नेमा जोड दिइन् । 'हाम्रो संविधानले महिला अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ,' उनले भनिन्, 'संविधानले नै समान प्रतिनिधित्व, समावेशी सहभागिता, लैंगिक समानता र सामाजिक न्यायलाई राज्य व्यवस्थाको आधारका रूपमा स्थापित गरेको छ ।'

**महिलाको अर्थपूर्ण उपस्थितिमा जोड**

यसैबीच महिला अधिकारकर्मीहरूले महिला सशक्तीकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् । ११६औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आइतबार प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा सहभागीहरूले मुलुक निर्माणमा महिला सहभागिता अर्थपूर्ण बनाउन राज्यले अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा सहभागी महिला तथा मानवअधिकारकर्मीले महिला सशक्तीकरणका लागि आर्थिक, शैक्षिक, सामाजिकलगायत पक्षमा महिला सक्षम हुनुपर्ने भएकाले राज्य र सरोकार भएका निकायले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पर्याप्त लगानी वृद्धि गरी अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाहरू अझै पनि अवसरबाट वञ्चित रहेका उदाहरण दिँदै चेतना र मानव जागरणका लागि सबैको सहकार्य र समन्वयमा अभियान सञ्चालन गर्नुपर्ने बताए । उनले कानुन निर्माण गरेरमात्रै समानता सुनिश्चित नहुने बताउँदै कार्यान्वयनको पक्षमा राज्यले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले तुलनात्मक रूपमा महिलाको क्षमता र पहुँचमा विकास भए पनि हिंसा, असमानता र अमानवीय क्रुरताबाट अझै पीडित रहेको बताइन् । महिला समानता शब्दमामात्र सीमित नराखी नीतिमा स्पष्टता आवश्यक रहेकामा उनले जोड दिइन् ।

'समाजमा दुई महिनाकी बच्चीदेखि ८० वर्षकी आमासमेत सुरक्षित छैनन्,' उनले भनिन्, 'महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्छ । प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नु, चेतनाकोस्तर वृद्धिका लागि अभियान पनि सँगसँगै सञ्चालन गर्नुपर्छ ।'

महिला अधिकारकर्मी चाँदनी जोशीका अनुसार घरमा महिलाले परिवार सम्हाल्नसक्नु भनेको मुलुकका लागि सहजनशक्ति निर्माण गर्न योगदान दिनु हो । 'गृहणी भएर परिवारको जिम्मेवारी महिलाले उठाइदिँदा महिलाले राज्य निर्माण सहयोग गरिरहेका हुन्छन् । यसलाई संस्थागत मान्यता दिन जरुरी छ,' उनले भनिन् । उनले राज्यले महिलामाथि अपेक्षा गरेअनुसारको लगानी पनि गर्न आवश्यक रहेको बताइन् । हरेक वर्ष मनाइँदै आएको अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) यस वर्ष 'सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने नारासहित विश्वभर मनाइएको छ ।

# निर्वाचन आयोगको कामलाई अर्थमन्त्रीको प्रशंसा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले तोकिएको समयमा निर्वाचन हुन्छ वा हुँदैन भन्ने आशंकाकाबीच निर्वाचन आयोगले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गरेकामा धन्यवाद दिँदै यसको सम्पूर्ण यश आयोगले पाउने बताएका छन् ।

आइतबार आयोगको कार्यालय बहादुर भवन पुगेर अर्थमन्त्री खनालले कुनै एक ठाउँमा पनि स्थगित नभई निर्वाचन सम्पन्न गरेकामा आयोगका पदाधिकारीलाई धन्यवाद दिएका हुन् । जेन-जी पुस्ताको आन्दोलनपछि मुलुक अशान्त भएको अवस्थामा पनि आयोगले दृढ इच्छाशक्तिले काम गरेर निर्वाचन सम्पन्न भएको बताए ।

यसअघिको निर्वाचनका क्रममा ५१ स्थानमा स्थगित भई पुनः निर्वाचन भएको अर्थमन्त्री खनालले स्मरण गरे । कैदीबन्दी फरार रहेकाले शान्तिपूर्णरूपमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने आशंकाकाबीच आयोगले बनाएको कार्यतालिकामा कुनै पनि सम्झौता नगरी काम भएको उनले उल्लेख गरे ।

आयोगको प्रभावकारी कार्यतालिका र कामप्रतिको अठोटका कारण निर्वाचन सम्पन्न गराउन सकिएको अर्थमन्त्री खनालले बताए । 'लोकतन्त्रलाई बलियो बनाउन स्वच्छ रूपमा प्रतिस्पर्धा गर्नुपर्छ भन्ने भावनाको विकास गराउन पनि आयोग सफल भएको छ । एक स्थानमा पनि स्थगित नभई सफलतापूर्वक निर्वाचन सम्पन्न भएको छ, देशमा सुशासन कायम गराउने युवापुस्ताको माग निर्वाचनले सफल बनाएको छ,' सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने ।

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा भएका घटनाका विषयमा छानबिन गर्न गठित आयोगले आइतबार दिएको प्रतिवेदनका विषयमा यो सरकारले कार्यान्वयन गर्ने समय नहुने भएकाले मन्त्रिपरिषद्मा छलफल गरी सार्वजनिक गर्ने पहल गर्ने अर्थमन्त्री खनालले प्रतिबद्धता व्यक्त गरे । प्रतिवेदन कार्यान्वयनका लागि अब बन्ने सरकारले काम गर्ने उनको भनाइ छ ।

सो अवसरमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा पनि सहभागी थिए । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, सचिव कृष्णबहादुर राउतलगायत उच्च अधिकारीले मन्त्रीद्वयलाई मतगणनालगायत निर्वाचनका विषयमा जानकारी गराएका थिए ।

# निर्वाचन सुशासन कायम भएको गृहमन्त्रीको दाबी



**काठमाडौं (प्रस)–** गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन सुशासन कायम भएको बताएका छन् ।

निर्वाचन आयोगको कार्यालय बहादुर भवनमा आइतबार आयोजित निर्वाचन सुरक्षा समीक्षापछि सरकारी सञ्चारमाध्यमसँग प्रतिक्रिया दिँदै उनले राजनीतिक सुशासनको जग निर्वाचन सुशासन भएकाले यसपटकको निर्वाचनमा त्यो सम्भव भएको बताए । वर्तमान सरकार फागुन २१ गते निर्वाचन गराउनैका लागि गठन भएकाले स्वच्छ र निष्पक्ष निर्वाचन गराएर कार्यभार सम्पन्न गराउने मार्गमा अघि बढेको जानकारी पनि गृहमन्त्री अर्यालले दिए ।

'हिंसा नभई निर्वाचन सम्पन्न भएको छ, सुदृढ सुरक्षा व्यवस्थाबीच निर्वाचन गराउने दायित्व सरकारले पूरा गरेको छ, यो निर्वाचनमा अरुका नाममा मतदान पनि भएन, समयमा निर्वाचन गराउन सरकारका सबै अंग समन्वयात्मकरूपमा क्रियाशील भए, गृह मन्त्रालयमा सामूहिक नेतृत्वको अभ्यास गरी निर्वाचन समन्वयात्मकरूपमा सफल भयो, केन्द्र, प्रदेश र वडा तहसम्म समन्वयात्मक एकीकृत सुरक्षा योजनाअन्तर्गत काम भयो, नेतृत्वमा विकेन्द्रीकरण गरेर निर्वाचन सम्पन्न भयो,' उनले भने । निर्वाचन कार्यतालिका अनुसार निर्वाचन सम्पन्न गराउन आयोगले नेतृत्वदायी भूमिका खेलेकामा गृहमन्त्री अर्यालले सो अवसरमा धन्यवाद दिए ।

# महिला र बालबालिकासम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्न आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले महिला र बालिकाको हक, अधिकारका सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेको छ ।

आयोगले महिला र बालबालिकासम्बन्धी प्रभावकारी कार्यान्वयन गर्न, समानता, सशक्तीकरण तथा सम्मानप्रति संवेदनशील भई महिला र बालिकाहरूलाई हिंसा, शोषण र भेदभावबाट संरक्षण गर्न आग्रह गरेको हो । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले समान न्यायका लागि विद्यमान संरचनात्मक अवरोधहरू हटाउन, समाजका हानिकारक अभ्यासहरू र नकारात्मक सामाजिक मान्यतालाई निर्मूल गर्न सरकारलाई आयोगले आग्रह गरेको बताए ।

'संवैधानिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाले महिलाको अधिकार सुनिश्चित गरिए तापनि परम्परागत हानिकारक प्रचलनका कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढिरहेको छ,' ११६औं अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) का अवसरमा आइतबार प्रेस विज्ञप्ति जारी गरी भनिएको छ, 'घरेलु हिंसा, मानव बेचबिखन, बालविवाह, डिजिटल हिंसा, यौनहिंसा, बलात्कार, सामाजिक विभेद, आर्थिक असमानता, राजनीतिमा न्यून सहभागिता, दण्डहीनता र न्यायमा पहुँच हुन नसक्दा महिला र बालिकाको मानवअधिकार उपभोगमा चुनौती देखिएको छ ।'

आयोगले महिला तथा बालिकाको मानवअधिकार उल्लंघनका घटनामा निरन्तर अनुसन्धान र अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ । आयोगले बालविवाहले मानवअधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धमा राष्ट्रिय जाँचबुझ कार्यक्रम गर्नाका साथै एकल महिलाको अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्था र कार्यान्वयन पक्षको अनुगमन गरी प्रतिवेदन तयार गरिरहेको छ ।

आयोगको लैंगिक परीक्षण, अन्तर्राष्ट्रिय लैंगिक सम्मेलन आयोजना, जबर्जस्ती करणी, छाउपडीलगायत विषयमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छ । महिला तथा बालिकाको मानवअधिकार उपभोगमा बाधा पुऱ्याउने नीतिनियम तथा कानुनहरूको सुधार सम्बन्धमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनमा ढिलाइ नगर

गठन भएको पाँच महिनापछि बल्ल गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले सरकारलाई प्रतिवेदन बुझाएको छ। भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट तयार प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाए पनि के कस्ता विषय समेटिएका छन् भन्ने विषय बाहिर आएको छैन । प्रधानमन्त्री कार्कीले अध्ययन गरेर मन्त्रिपरिषद्मा पेस गर्ने बताएकी छन्। त्यसपछिमात्र कार्यान्वयनको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक गर्ने बताएकी छन् ।

प्रधानमन्त्रीले व्यक्त गरेको यसखाले अभिव्यक्ति आफैंमा शंकास्पद विषय हो। विगतमा यस्ता विभिन्न घटनामा आयोग बनेको र लामो समय अनुसन्धानपछि बुझाएका प्रतिवेदन सरकारले थन्क्याउने गर्थे। जसका कारण देशमा दण्डहीनता बढ्दै आयो र जनतामा आक्रोश बढ्दै आयो । यही कारण भदौ २३ र २४ गते जनता सडकमा उत्रिन बाध्यसमेत बन्यो। यही विद्रोहले सरकार ढल्यो भने छ महिनाभित्रै निर्वाचन पनि भयो । यो निर्वाचनले पुराना दललाई लगभग बढारेको छ । यो दण्डहीनता, मनपरि शासनविरुद्धको विद्रोह हो । जसमा १९ जनाले संसद् भवन अगाडि नै सहादत प्राप्त गरे भने यो विद्रोहको क्रममा ७६ जनाले ज्यान गुमाए ।

यस क्रममा खबौंको सरकारी सम्पत्तिमा क्षति भएको छ भने व्यक्तिगत घरमा पनि क्षति पुगेको छ। पक्कै पनि यी सबै विषयलाई समेटेर कार्की आयोगले न्यायपूर्ण तवरले प्रतिवेदन तयार गरेको हुनुपर्छ। आयोगका प्रवक्ता विज्ञानराज शर्माले आन्दोलनमा गल्ती गरेकालाई कारबाहीको सिफारिस गरेको दाबी गरेका छन् । शर्माले पनि सुरक्षा कमजोरीकै कारण भदौ २३ गते युवाहरूमाथि गोली प्रहार भएको आशयको प्रारम्भिक प्रतिक्रिया दिएका छन्। त्यतिबेला सरकार प्रमुख थिए एमाले अध्यक्ष केपी शर्मा ओली ।

ओली नेतृत्वको सरकारविरुद्ध उक्त विद्रोह भएको थियो। सोही विद्रोहको बलमा ओली सरकार ढल्यो । त्यतिबेला विद्रोह रोक्न सरकारले सामाजिक सञ्जालसमेत बन्द गरेको थियो। तत्कालीन सत्तामा भएकाहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा कर्मचारीको कमाण्ड सम्हालेकालाई मात्र कारबाहीको दायरामा ल्याउने संकेत आयोगको प्रतिवेदनले गरेको छ। यसो भएमा फेरि पनि 'सानालाई ऐन, ठूलालाई चैन' शैलीकै काम हुने छ। यसले कार्की सरकारले कमाएको विश्वास क्षणमा सकिने छ नै नयाँ सरकारलाई पनि अप्ठेरोमा पार्ने छ । त्यसैले जेन–जी विद्रोहको क्रममा भएको दमन र विध्वंशमा मूल दोषीलाई कारबाहीको दायरामा ल्याउन ढिला नहोस्। प्रतिवेदन कार्यान्वयन गर्न खुट्टा नकमाइयोस् ।

श्रम सरोकार

## अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ। यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छः

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिंदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ।

# अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?



❑ राजेश विद्रोही

"अन्तरजातीय विवाहको सामाजिकीकरणको अन्तिम लक्ष्य जातीय पहिचान मेट्नु होइन, संस्कृति नष्ट गर्नु पनि होइन । यसको लक्ष्य मानवलाई जातभन्दा माथि राख्ने समाज निर्माण गर्नु हो– जहाँ विवाह प्रेम, समझदारी र सम्मानको विषय होस्, जातीय गणनाको होइन । जब समाजले 'कुन जातको हो ?' भनेर सोध्न छोड्छ र 'कस्तो मान्छे हो ?' भनेर सोध्न थाल्छ, त्यही दिन अन्तरजातीय विवाह पूर्णरूपमा सामाजिकीकृत भएको मान्न सकिन्छ । यसैले अन्तरजातीय विवाह कुनै सामाजिक समस्या होइन, यो समाजको पुरानो रोग निको पार्ने औषधि हो । जातीय विभाजन, छुवाछूत र असमानताले ग्रसित समाजलाई समान, न्यायपूर्ण र मानवीय बनाउने एउटा सशक्त माध्यम हो ।

अनेक प्रकारका विवाहमध्ये समाजले सहजै स्वीकार्ने विवाह हुन्- स्वजातीय विवाह, अभिभावक र आफन्तको रोजाइमा हुने विवाह, दाइजो प्रथामा आधारित विवाह, यहाँसम्म कि बालविवाह पनि। यी सबै खालका विवाहलाई समाजले सामाजिक विवाहका रूपमा सामान्यरूपमा ग्रहण गरेको पाइन्छ तर अन्तरजातीय विवाह भने अझै पनि समाजको स्वीकृतिको दायराभित्र पर्न सकेको छैन । युवायुवतीले आपसी समझदारी, प्रेम र स्वतन्त्र निर्णयका आधारमा गर्ने यस्तो विवाहलाई समाजले सहजरूपमा स्वीकार गर्न सकेको देखिँदैन। किनभने, नेपाली समाजको सबैभन्दा गहिरो, जटिल र दीर्घकालीन संरचना जातीय व्यवस्था हो।

यो व्यवस्था केवल सामाजिक पहिचानमा सीमित छैन, यसले सोच, चिन्तन, सम्बन्ध, अवसर, अधिकार र परिवर्तनको सीमा नै निर्धारण गर्छ। जन्मिँदा नै मानिस कुन जातमा पर्छ भन्ने आधारमा उसले जीवनमा के गर्न सक्छ, कोसँग उठबस गर्न मिल्छ, कसरी व्यवहार गर्नुपर्छ र कोसँग विवाह गर्नुपर्छ वा गर्न हुँदैन भन्ने निर्णय समाजले गरिदिन्छ। यही संरचनागत मनोविज्ञानका कारण अन्तरजातीय विवाह आज पनि सामाजिक अस्वीकार, बहिष्कार र हिंसाको केन्द्रमा छ।

अन्तरजातीय विवाहप्रतिको सामाजिक असहिष्णुता नेपालमा कति गहिरो छ भन्ने कुरा केही प्रतिनिधि घटनाले स्पष्ट देखाउँछन् । काभ्रेका अजित मिजार अन्तरजातीय विवाहकै कारण हत्या गरिए तर विडम्बना- उनको शव आज पनि काठमाडौंस्थित शिक्षण अस्पतालको शवगृहमा न्यायको प्रतीक्षामा छ । मृत्युपछि पनि उनले सम्मानजनक अन्त्य पाउन सकेका छैनन्, जुन राज्य र समाज दुवैका लागि गम्भीर नैतिक प्रश्न हो ।

यस्तै, रुकुम पश्चिमको सोतीमा अन्तरजातीय प्रेम सम्बन्धकै कारण नवराज विकसहित छ जना युवाको हत्या गरी भेरी नदीमा बगाइएको घटना आज पनि नेपाली समाजको सामूहिक स्मृतिमा ताजै छ। यो घटना केवल सामूहिक हत्यामात्र थिएन, यो जातीय अहंकार, सामाजिक क्रूरता र संरचनागत हिंसाको चरम अभिव्यक्ति थियो । यी घटनाहरू अपवाद होइनन्। सप्तरीका मनोज राम-बबिता इसर, सर्लाही बरहथवाका सत्येन्द्र राम-नेहा रौनियार, रौतहटका लक्ष्मण पासवान-रुबी साहजस्ता घटनाहरू पनि अन्तरजातीय सम्बन्धकै कारण हिंसा, बहिष्कार र मृत्युको जोखिममा परेका चर्चित उदाहरण हुन्। यसले देखाउँछ कि समस्या कुनै भूगोल वा समुदायमा सीमित छैन, यो देशव्यापी जातीय संरचनागत रोग हो ।

चिन्ताजनक कुरा के छ भने यस्ता घटना वर्षमा एक-दुई मात्र होइन, दर्जनौंको संख्यामा दोहोरिइरहेका छन्। तर राज्यको तथ्यांक प्रणाली, प्रहरीको वर्गीकरण र राजनीतिक संवेदनशीलताको अभावका कारण यी घटनाहरूलाई प्रायः व्यक्तिगत अपराधका रूपमा सीमित गरिन्छ । जातीय हिंसाका रूपमा पहिचान र सम्बोधन हुँदैन। यसरी अन्तरजातीय विवाहका कारण हुने हत्या र हिंसालाई केवल सामाजिक विकृति भनेर छोड्नु पर्याप्त छैन। यो मानवअधिकार, समानता र संविधानले प्रत्याभूत गरेको नागरिक स्वतन्त्रतामाथिको प्रत्यक्ष आक्रमण हो- जसको स्पष्ट स्वीकारोक्ति, तथ्यांक संकलन, कानुनी कठोरता र सामाजिक हस्तक्षेपविना समाधान सम्भव छैन किनभने कानुनीरूपमा अन्तरजातीय वि वाह मान्य भए पनि सामाजिक स्वीकृति नपाएको यथार्थ नेपाली समाजका लागि एउटा गम्भीर चुनौती बनेको छ। त्यसैले आजको प्रश्न अन्तरजातीय विवाह सही कि गलत भन्ने होइन । मुख्य प्रश्न हो- यसलाई समाजले स्वाभाविक, सम्मानजनक र मानवीय अभ्यासका रूपमा कसरी स्वीकार गर्ने ? अर्थात् अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?

अन्तरजातीय विवाह दुई व्यक्तिको निजी सम्बन्धमात्र होइन, यो आजको युगको समाजको शक्ति संरचना, परम्परा, वर्चस्व र मानवीय स्वतन्त्रतामाथि उठ्ने प्रत्यक्ष प्रश्न हो। विशेषतः नेपालजस्तो समाजमा जहाँ जातलाई श्रेष्ठता र हीनताको आधार बनाइएको छ, त्यहाँ फरक जातबीचको विवाहलाई प्रेमको विषयभन्दा बढी सामाजिक विद्रोह वा अपराधका रूपमा हेरिन्छ। यही कारणले अन्तरजातीय विवाह गर्ने जोडीहरूले परिवार, समाज र कहिलेकाहीँ राज्यकै उदासीनताको सामना गर्नुपर्छ। सामाजिक बहिष्कार, मानसिक यातना, आर्थिक असहयोगदेखि हत्या र शारीरिक हिंसासम्मका घटनाहरू अझै पनि घटिरहेका छन्। यसले स्पष्ट गर्छ-समस्या कानुनको अभाव होइन, समस्या सामाजिक सोच र चेतनाको हो।

सामाजिकीकरण भन्नाले कुनै अभ्यासलाई समाजले सामान्य, स्वाभाविक र स्वीकार्य ठान्ने प्रक्रिया हो । अन्तरजातीय विवाहको सन्दर्भमा यो प्रक्रिया अझै अधुरो छ । समाजले यसलाई अपवाद, लाज, समस्या वा संस्कार विरोधी कार्यका रूपमा बुझिरहेको छ। यसको मूल कारण जातीय मानसिकता हो- 'मेरो जात माथि, तिम्रो जात तल्लो' भन्ने सोच, जुन पुस्तौंदेखि संस्कारका रूपमा हस्तान्तरण हुँदै आएको छ। यही सोचले मानिसलाई मानिस होइन, जातको प्रतिनिधि बनाउँछ। जब मानिसलाई जातको सीमामा बाँधिन्छ, तब प्रेम र वैवाहिक छनोट स्वतन्त्र हुन सक्दैन।

यसर्थ, अन्तरजातीय विवाहको सामाजिकीकरणका लागि सबैभन्दा पहिले सकारात्मक सोचको पुनर्निर्माण आवश्यक छ। यो पुनर्निर्माण शिक्षा प्रणालीबाट सुरु हुनुपर्छ। विद्यालय तहदेखि नै जातीय समानता, मानवअधिकार र सामाजिक न्यायका मूल्यहरू पढाइ र व्यवहारमा उतार्नुपर्छ। पाठ्यपुस्तकमा जातीय विभेदको इतिहास, त्यसले सिर्जना गरेको पीडा र त्यसको अन्त्यका लागि भएका संघर्षहरू स्पष्टरूपमा समेटिनुपर्छ। अन्तरजातीय विवाहलाई असामान्य वा विवादास्पद विषयका रूपमा होइन, विविध समाजको स्वाभाविक मानवीय अभ्यासका रूपमा प्रस्तुत गर्नुपर्छ। शिक्षा केवल ज्ञान दिने माध्यममात्र होइन, यो सोच निर्माण गर्ने सबैभन्दा शक्तिशाली औजार हो। आज शिक्षाले जे सिकाउँछ, भोलि समाजले त्यही व्यवहार गर्छ।

समाज परिवारबाट सुरु हुन्छ र परिवारमै जातीय सोच सबैभन्दा कडारूपमा जरा गाडेको हुन्छ। धेरै अभिभावकहरू अन्तरजातीय विवाहलाई आफ्नै इज्जत र सामाजिक हैसियतसँग जोडेर हेर्छन्। जब विवाहलाई सामाजिक प्रतिष्ठासँग दाँजिन्छ, त्यहाँ हिंसा र अपराध जन्मिन्छ। छोराछोरीको खुसीभन्दा 'समाजले के भन्छ' भन्ने डर ठूलो बनाइन्छ। यसैले परिवारभित्र स्वतन्त्र संवाद बन्द हुन्छ। सामाजिकीकरणका लागि परिवारभित्र खुला संवादको संस्कार विकास गर्नु अनिवार्य छ। विवाह, प्रेम र जीवन साथीको छनोटबारे अभिभावक र सन्तानबीच खुलेर कुरा हुनुपर्छ। 'हाम्रो पालामा यस्तो थिएन' भन्ने तर्कभन्दा 'तिमीले किन यस्तो सोच्यौ ?' भन्ने प्रश्नले चेतनाको ढोका खोल्छ। अन्तरजातीय विवाह गरेका दम्पतीका सकारात्मक अनुभवहरू परिवार र समुदायमा साझा गर्न सकिएमा डर क्रमशः विश्वासमा बदलिन सक्छ।

सूचना प्रविधिको युगमा सञ्चारमाध्यमले अन्तरजातीय विवाहको सामाजिकीकरणमा निर्णायक भूमिका खेल्न सक्छ तर अहिलेको मिडिया प्रवृत्तिले यसलाई प्रायः हिंसा, हत्या, विवाद र विग्रहसँगमात्र जोडेर प्रस्तुत गर्छ। यसले समाजमा नकारात्मक धारणा अझै बलियो बनाउँछ। मिडियाले सफल, सम्मानीत र सशक्त अन्तरजातीय दम्पतीका कथालाई प्राथमिकता दिनुपर्छ। सिनेमा, टेलिसिरियल, वेब सिरिज र साहित्यमा अन्तरजातीय सम्बन्धलाई समस्या होइन, सामान्य मानवीय सम्बन्धका रूपमा चित्रण गर्नुपर्छ। साथै, भाषा अत्यन्त महत्त्वपूर्ण छ। 'तल्लो जात', 'उचो जात', 'घर बिगार्‍यो', 'इज्जत गयो' जस्ता शब्दावली सोच निर्माण गर्ने विष हुन्। यस्ता भाषालाई विस्थापित गर्नु नै सामाजिकीकरणको महत्त्वपूर्ण कदम हो।

धर्म र संस्कृति पनि प्रायः अन्तरजातीय विवाहको विरोधका औजार बनाइन्छन्। धर्मको गलत व्याख्या गर्दै जातीय विभाजनलाई ईश्वरीय व्यवस्था ठहर्‍याइन्छ। जबकि, अधिकांश धर्मका मूल सन्देश मानव समानता, प्रेम र करुणामा आधारित छन्। धार्मिक र सांस्कृतिक अगुवाहरूले अन्तरजातीय विवाहको विरोध होइन, समर्थन गर्ने स्पष्ट र साहसी भूमिका खेल्नुपर्छ। संस्कृति स्थिर वस्तु होइन, यो समय र समाजसँगै परिवर्तन हुन्छ भन्ने बुझाइ फैलाउनुपर्छ। संस्कृतिको नाममा विभेदको संरक्षण गर्नु संस्कृतिको रक्षा होइन, पतन हो।

राज्यको भूमिका यहाँ अत्यन्त महत्त्वपूर्ण छ। अन्तरजातीय विवाह प्रोत्साहनका लागि केवल नगद सहयोग पर्याप्त हुँदैन। विवाहपछि जोडीलाई सुरक्षा, कानुनी सहायता र मनो-सामाजिक परामर्श आवश्यक हुन्छ। धेरै अन्तरजातीय दम्पती विवाहपछि एक्लो र असुरक्षित महसुस गर्छन्, कतिपय अवस्थामा हिंसा वा सम्बन्धविच्छेदसम्म पुग्छन्। राज्यले उनीहरूलाई उदाहरणका रूपमा होइन, नागरिकका रूपमा संरक्षण गर्नुपर्छ। स्थानीय तहहरूले सार्वजनिक सम्मान, समुदायस्तरीय संवाद कार्यक्रम र जातीय सद्भाव अभियान सञ्चालन गर्नुपर्छ, जसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्छ।

युवा पुस्ता अन्तरजातीय विवाहको सामाजिकीकरणको सबैभन्दा ठूलो शक्ति हो। आजका युवाहरू पुराना मूल्य र नयाँ चेतनाको संघर्षको केन्द्रमा छन्। यदि उनीहरूले प्रेम, सम्मान र समानतालाई जातभन्दा माथि राख्ने साहस गरे भने समाजको दिशा बदलिन सक्छ। तर यो साहस एक्लै सम्भव हुँदैन। नागरिक समाज, अभियन्ता र सामाजिक सञ्जालले अन्तरजातीय विवाह गर्नेहरूलाई एक्लो नछाड्ने संस्कार विकास गर्नुपर्छ। सामूहिक समर्थनलेमात्र व्यक्तिगत साहसलाई सामाजिक आन्दोलनमा रूपान्तरण गर्न सक्छ।

अन्तरजातीय विवाहको सामाजिकीकरणको अन्तिम लक्ष्य जातीय पहिचान मेट्नु होइन, संस्कृति नष्ट गर्नु पनि होइन। यसको लक्ष्य मानवलाई जातभन्दा माथि राख्ने समाज निर्माण गर्नु हो- जहाँ विवाह प्रेम, समझदारी र सम्मानको विषय होस्, जातीय गणनाको होइन। जब समाजले 'कुन जातको हो ?' भनेर सोध्न छोड्छ र 'कस्तो मान्छे हो ?' भनेर सोध्न थाल्छ, त्यही दिन अन्तरजातीय विवाह पूर्णरूपमा सामाजिकीकृत भएको मान्न सकिन्छ। यसैले अन्तरजातीय विवाह कुनै सामाजिक समस्या होइन, यो समाजको पुरानो रोग निको पार्ने औषधि हो। जातीय विभाजन, छुवाछूत र असमानताले ग्रसित समाजलाई समान, न्यायपूर्ण र मानवीय बनाउने एउटा सशक्त माध्यम हो। यसको सामाजिकीकरण एकै दिन सम्भव हुँदैन। तर शिक्षा, संवाद, संस्कृति, सञ्चार, राज्य र नागरिक चेतनाको संयुक्त प्रयासले यो अवश्य सम्भव छ। अन्तरजातीय विवाहलाई स्वीकार गर्नु भनेको केवल दुई व्यक्तिको सम्बन्ध स्वीकार गर्नु होइन- यो भविष्यको समावेशी र मानवीय समाज रोज्नु हो। *रासस*




*एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर*



**दीप प्रज्वलन** | ११६औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आइतबार बागलुङ बजारको ऐश्वर्यपार्कमा आयोजित दीप प्रज्वलन कार्यक्रममा सहभागी बागलुङका अगुवा महिला । *तस्बिरः रासस*

# शर्माको यात्राः सामाजिक अभियान्ता हुँदै संसद्सम्म

**गलकोट (बागलुङ)–** 'आमयुवा र हाम्रो बागलुङ, हाम्रो जिम्मेवारी'का संस्थापक सोम शर्मा युवाको आवाजलाई सडकबाट संसद्को यात्रा थालेका छन् । हालै रास्वपामा आबद्ध शर्माले पश्चिम बागलुङको क्षेत्र नं २ को निर्वाचन जित्न सफल भएका छन् । ३४ वर्षीय शर्मा सामाजिक अभियान्ता, जेन-जी आन्दोलनका अगुवाहुँदै प्रतिनिधिसभा सदस्य हुन सफल भएका छन् ।

शर्माले बागलुङ-२ मा १२ हजार ६४७ मत ल्याएर निर्वाचित भएका छन् । उनले कांग्रेसका टेकराज पौडेललाई ७७९ मतले पछाडि पार्दै निर्वाचन जितेका हुन् । यहाँ खसेको ४७ हजार २०७ मतमा शर्माका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार पौडेलले ११ हजार ६८ मत प्राप्त गरेका थिए । त्यसैगरी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का ज्ञामनाथ गैरेले १० हजार ७०९ मत प्राप्त गर्दा नेकपा (एमाले) का मञ्जु शर्मा चालिसेले सात हजार ८६४ मत प्राप्त गरेका थिए । यस क्षेत्रमा ११ उम्मेदवार चुनावी मैदानमा थिए ।



## कोरोनापीडितका सहयात्रीदेखि जेन-जी अगुवासम्म

बागलुङ बजारमा इलेक्टोनिक्स पसल सञ्चालन गरेका शर्मा कोरोनाअघि काठमाडौं पुगेका थिए । जेन-जी आन्दोलन र नागरिक खबरदारीको अगुवाका रूपमा चिनाउने शर्मा कोरोनाकालमा सडकमा खाना बाँड्दै काठमाडौंमा हिँडेका थिए । कोरोना, विपद्, गरिबी तथा समाजका विभिन्न क्षेत्रका सेवाको सारथीका रूपमा चिनिएका उनी राजनीतिमा नयाँ अनुहारका रूपमा संसद् छिरेका छन् । २०४८ पुस २९ मा बागलुङ नगरपालिका-१२ मा शर्मा जन्मिएका हुन् ।

एक प्रतिबद्ध, नैतिक र सुधारमुखी व्यक्तित्व भएका युवा नेताका रूपमा चिनिन थालेका शर्मालाई पहिलोपटक नै जनताले अनुमोदन गरेका छन् । विद्रोही युवाका रूपमा रहेका शर्माले सामाजिक सञ्जालबाट सुशासनको पक्षमा बोल्दै आएका थिए ।

रास्वपाको राजनीति, समाजसेवा र व्यावसायिक नेतृत्वमार्फत आफ्नो क्षेत्र र समुदायको विकासमा योगदान पुर्‍याउन निर्वाचनमा होमिएका शर्मा बागलुङको पश्चिम क्षेत्र विकट नभएर विकट बनाइएको बताउँछन् । 'बागलुङको पश्चिम क्षेत्रलाई विकट मानियो, तर विकट बनाइएको हो, अब विकट रहँदैन, पर्यटनमार्फत यहाँको विकास हुन्छ, निर्वाचित सांसद गाउँ नआएको गुनासो अब रहन्न, म नियमित गाउँ र सदनलाई जोड्ने छु,' उनले भने ।

त्रिभुवन विश्वविद्यालय, रत्नराज्य क्याम्पसबाट राजनीतिशास्त्र र आमसञ्चार विषयमा स्नातक तह अध्ययन गरेका शर्माले कम्प्युटर, नेटवर्किङ र कृषि उद्यमशीलतासम्बन्धी विभिन्न तालिम लिइसकेका छन् । पेसागत जीवनमा उनीसँग कम्प्युटर शिक्षक, प्राविधिक विशेषज्ञ र व्यवस्थापन निर्देशकका रूपमा कार्य गरेको अनुभव छ । विकासमा पछि परेको बागलुङ पश्चिम क्षेत्रको भूगोललाई राष्ट्रिय रूपमा चिनाउँदै पर्यटकीय क्षेत्रका रूपमा चिनाउने शर्माको अठोट छ । *रासस*

महावीरको सानदार जित

# 'विजयपछि उत्सव होइन, जिम्मेवारीको सन्देश'

**बेनी (म्याग्दी)–** म्याग्दीमा विगतका वर्षहरूमा निर्वाचनपछि विजेताले खुसी साट्ने तडकभडकपूर्ण 'विजयी उत्सव'ले बजार क्षेत्र कोलाहलपूर्ण बन्ने गरेको थियो ।

निर्वाचित उम्मेदवार र दलका नेता, कार्यकर्ताले चर्को ध्वनि प्रदूषणसहित एकअर्का पार्टी र प्रतिस्पर्धी लक्षित नाराबाजी गर्ने पुरानै प्रचलन थियो । तर शनिबार बिहान प्रतिनिधिसभा सदस्य निर्वाचनमा भारी मतान्तरले विजयी भएका स्वतन्त्र उम्मेदवार महावीर पुनको जितमा भने फरक अभ्यास देखियो ।

पुनले आफ्नो विजय सुनिश्चित भएसँगै मतदाता र शुभेच्छुकलाई कुनै पनि तडकभडक हुने खालको विजयी र्‍याली र उत्सव नगर्न आग्रह गर्दै सन्देश जारी गरेका थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र ग्रहण गरेपछि उनलाई बधाइ दिन मतदाता र शुभेच्छुकहरू सडकमा भेला भएका थिए ।

मतदातालाई सम्बोधन गर्दै पुनले निर्वाचनमा जित-हार हुनु सामान्य प्रक्रिया भएको बताउँदै आफूले जितलाई उत्सव नभई जनताप्रतिको जिम्मेवारीका रूपमा लिएको बताए । 'मुख्यगरी शिक्षा नीति सुधार गर्न म उम्मेदवार भएको थिएँ । जनताले भोट दिएपछि म निर्वाचित भएँ । अब कुनै खुसी मनाउने कुरा होइन, जिम्मेवारीको भारी बोकेर काम गर्ने कुरा हुन्छ । मतदानमा सहभागी सम्पूर्ण मतदाताप्रति म आभारी छु,' पुनले भने ।

निर्वाचनमा कतिपय उम्मेदवारले विजयपछि र्‍याली गर्ने गरेको उल्लेख गर्दै



उनले जितमा मात्तिने र हारमा आत्तिने काम दुवै गलत भएको बताए । 'चुनावमा विजयी भएपछि धेरै मतदाताले बेनी बजारमा विजयी उत्सव मनाउनुपर्ने भन्दै आग्रह गरिरहेका छन् । कतिपय साथीभाइले यति ठूलो खुसीमा किन उत्सव नगर्ने भन्नुभएको छ । तर मैले सार्वजनिक रूपमा विजयी उत्सव र्‍याली नगर्ने घोषणा गरिसकेको छु,' पुनले भने ।

निर्वाचनबाट एक जनामात्र विजेता हुने र अन्य उम्मेदवार पराजित हुने भएकाले विजेताले सबै उम्मेदवारको भावनाको सम्मान गर्नुपर्ने उनले धारणा राखे । विजयी उत्सवका तडकभडकले कसैलाई जित-हारको पीडा महसुस गराउनु उचित नहुने भन्दै सांसद पुनले सबै उम्मेदवारको सम्मानका लागि आफूले विजयी उत्सव नगर्ने बताए ।

हरेक विजयी उत्सवमा धेरै नागरिकको समय र पैसा खर्च हुने गरेको उल्लेख गर्दै सांसद पुनले समय अमूल्य भएकाले त्यसलाई सही ठाउँमा उपयोग गर्न आग्रह गरे । साथै, उनले जिल्लाको विकासका लागि उम्मेदवार, राजनीतिक दल र सरोकारवालासँग मिलेर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहेका पुन निकटतम प्रतिस्पर्धीभन्दा तेब्बर बढी मतान्तरले विजयी भएको हो । उनले २२ हजार ८५० मत प्राप्त गर्दा नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत पाए । त्यसैगरी नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले छ हजार ६७६, नेकपाका अर्जुन थापाले तीन हजार ५२९ र रास्वपाका युवराज रोकाले एक हजार ५३० मत प्राप्त गरे ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य पुनलाई मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले औपचारिकरूपमा विजयी भएको प्रमाणपत्र प्रदान गरे । एकमात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा स्वतन्त्रसहित १२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । जिल्लामा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो । *रासस*

# सामाजिक अभियन्ता बिना अब संसद्मा

**कास्की (प्रस)–** सामाजिक क्षेत्र, महिला सशक्तीकरण र शिक्षा क्षेत्रमा लामो समयदेखि सक्रिय बिना गुरुङले पहिलोपटक संघीय संसद्मा प्रवेश गरेको छ । उनी प्रतिनिधिसभा सदस्यका लागि कास्की निर्वाचन क्षेत्र नं ३ मा प्रतिस्पर्धीलाई फराकिलो मतान्तरले जित हासिल गर्न सफल भइन् ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा गुरुङ ३७ हजार ७५० मतसहित विजयी बनेकी छन् भने उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० मत पाए । नेकपा एमालेका दामोदर बैरागीले सात हजार ९०६ मत पाए । बैरागी यसअघि यसै निर्वाचन क्षेत्रबाट निर्वाचित भएको हुन् ।

सञ्जिवनी दिदीबहिनी केन्द्र नेपालकी संस्थापक अध्यक्षसमेत रहेकी गुरुङ महिला दिदीबहिनीहरूको प्रेरणा स्रोत बन्दै आएकी छन् । महिला उद्यमशीलता प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण तथा समुदायमा सामाजिक अभियान सञ्चालनमा सक्रिय रहँदै राजनीतिक यात्रामा जोडिएकी थिइन् ।

श्रीमान्, एक छोरा एक छोरीका साथ पोखरा-५ मा बस्दै आएकी गुरुङ २०७२ सालको भूकम्प र कोभिड-१९ महामारीका बेला विभिन्न क्षेत्रमा राहत तथा स्वास्थ्य सामग्री वितरणमा सक्रिय रहेकी थिइन् । विजयपछि कास्की-३ को समग्र विकास, सुशासन र जनताको अपेक्षाअनुसार काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरिन् । पर्यटन प्रवर्द्धन, महिला उद्यमशीलता, सहकारीपीडितको समस्या समाधान तथा



पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गर्ने सांसद गुरुङले बताइन् ।

उनले भनिन्, 'म सामाजिक क्षेत्र र उद्यमशीलताको यात्राबाट राजनीतिमा आएकी छु, अब राजनीतिको यो नयाँ यात्रालाई पनि आफ्नो इमान्दारिता जनभावनाअनुरूप काम गर्ने छु ।' सांसद गुरुङले जेन-जी आन्दोलनको मर्मसहित जनताको यो विश्वास र जनमतलाई नतिजामा उतार्नका लागि नीतिगत तहमा आफ्नो भूमिका सशक्त गराउँदै लैजाने बताइन् ।

# प्रतिनिधिसभाको दोस्रो यात्रामा निशा

**झापा–** मुलुकको राजनीति र प्रणालीमा बेथिति तथा भ्रष्टाचारको चाङ रहेको अनुभूति भएपछि जागिर खान लोकसेवाको तयारी गरिरहेका बेला चार वर्षअघि निशा डाँगीको विद्रोही युवा मन राजनीतितर्फ डोरियो । जागिर खाएर व्यक्तिगत जीवन सुधार्ने सोच त्यागेर जनताको सेवक बन्ने उद्देश्यका साथ उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को झण्डामुनि गोलबद्ध हुने कठिन तर चुनौतीपूर्ण बाटोमा होमिइन् ।

निराशालाई आशामा बदल्ने अठोटका साथ राजनीतिमा होमिएकी २९ वर्षीया डाँगी झापा निर्वाचन क्षेत्र नं १ मा रास्वपाको उम्मेदवार बनेर यही फागुन २१ गते सम्पन्न निर्वाचनमा ४५ हजार ६८० मत प्राप्त गरी प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएकी छन् ।

डाँगीको प्रतिनिधिसभामा यो दोस्रो यात्रा हो । यसअघि २०७९ सालको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उनी २५ वर्षको उमेरमा समानुपातिकतर्फ निर्वाचित हुँदा मुलुककै कान्छी सांसद भएकी थिइन् । समानुपातिक सांसदका रूपमा संसद्मा प्रवेश गरेकी उनले युवाहरूको समस्या समाधानका लागि सदनमा निरन्तर आवाज बुलन्द गरिरहिन् ।

क्षमता र सक्रियताकै कारण जनताको मन जित्न सफल सांसद डाँगीलाई यसपटकको आमनिर्वाचनको परिणामले थप परिपक्व र जनअनुमोदित नेताका रूपमा स्थापित गरिदिएको छ । युवाहरूको प्रतिनिधि बनेर राजनीतिक क्षितिजमा उदाएकी उनी भद्रपुर नगरपालिका-२ की बासिन्दा हुन् । सांसद डाँगी रास्वपाको हाल केन्द्रीय सदस्य छिन् ।

सांसद डाँगीले यसअघिको प्रतिनिधिसभामा पार्टीको सचेतकको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका थिए । उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको शिक्षा हासिल गरेको छ । भीमबहादुर र देवीमाया डाँगीको सुपुत्रीका रूपमा उनको जन्म २०५३ मंसिर १६ गते झापाको भद्रपुरमा भएको हो । पूर्णकालीन राजनीतिमा आउनुभन्दा अघि पाँच वर्षसम्म उनी पत्रकारिता क्षेत्रमा क्रियाशील थिइन् ।



पत्रकारिताबाट राजनीतिमा होमिँदा डाँगीलाई समाज, राजनीति र नागरिकका समस्या बुझ्न सहज भएको थियो । उनी भन्छिन्, 'पत्रकारिताले मलाई समाज, नागरिकका वास्तविक समस्या र राजनीतिको भित्री पाटो बुझ्न सघायो ।'

निर्वाचनताका जनताको घरदैलोमा पुग्दा डाँगीले झापा-१ का स्थानीय समस्या, जनचाहना र विकासका प्राथमिकतालाई बुझ्ने तथा समाधानका लागि प्रतिबद्धता व्यक्त गर्ने अवसर प्राप्त गरिन् । भ्रष्टाचार, नातावाद र ढिलासुस्तीको चर्को आलोचक रहँदै आएकी उनी इमान्दार बनेर सुशासन कायम गर्न आफूहरूलाई मतादेश प्राप्त भएको मान्छिन् ।

'हामीलाई प्राप्त मतादेश इमानदारिता र सुशासनका लागि हो,' सांसद डाँगी दृढताका साथ भन्छिन्, 'म आफ्नो भिजन र मिसनमा प्रस्ट छु । अबको यात्रामा मप्रति व्यक्त भएको जनविश्वास र भरोसालाई खेर जाने दिने छैन । देशको हितमा काम गर्ने छु ।'

देश र जनताको हितमा सही नीति निर्माण र निर्णय गर्ने स्थानमा पुगेकी सांसद डाँगीमा युवा जोस र जाँगरका साथै राजनीतिक अनुभव र परिपक्वतासमेत उत्तिकै रहेको छ । युवा जोस, शैक्षिक निखार र संसदीय अनुभव प्राप्त उनीबाट झापा-१ का जनताले मात्र होइन, जेन-जी आन्दोलनपछि परिवर्तन चाहने सिंगो देशका युवाले ठूलो अपेक्षा राखेका छन् । रासस

# प्रभाव दैनिक


सोमबार, २५ फागुन २०८२ (Monday, 09 March 2026)





## चलचित्र 'टीका'को निर्माण घोषणा

चलचित्र 'टीका'को निर्माण घोषणा भएको छ । आइतबार अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा थिम पोस्टर सार्वजनिक गर्दै उक्त चलचित्रको निर्माण घोषणा गरिएको हो । भविष्य खड्का फिल्मस् र थर्ड आइ आर्टस्को संयुक्त ब्यानरमा निर्माण हुने यस फिल्मलाई शंकर कार्कीले निर्देशन गर्ने भएका छन् । यसमा नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथा समेटिने निर्माण पक्षले जानकारी दिएको छ ।







# 'एक मुठी बादल' नेपालमा जेठ १ मा प्रदर्शनमा आउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिचर फिल्म 'एक मुठी बादल: माई सेयर अफ स्काई' आउँदो वर्षको जेठ १ मा प्रदर्शन हुने भएको छ । निर्माण कम्पनी गौथली इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय महिला दिवसका अवसर पारेर मे १५ अर्थात् जेठ १ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरेको हो । चलचित्रका लगभग सम्पूर्ण विधामा महिलाको नेतृत्व रहेको फिल्मलाई गौंथली इन्टरटेनमेन्ट र मन प्रडक्सन मिलेर निर्माण गरेका हुन् । फिल्मलाई नेपालमा आरआर फिल्म्सले वितरण गर्ने छ ।

तीन पुस्तादेखिको भावनात्मक उतारचढावलाई प्रस्तुत गर्ने चलचित्रले द्रुत गतिमा परिवर्तनशील नेपाली समाजको पृष्ठभूमिमा परिवारका सदस्यबिचको अपेक्षा, त्याग र व्यक्तिगत आकांक्षालाई रोचक शैलीमा प्रस्तुत गर्ने छ । चलचित्रमा सहारा शर्माको लेखन तथा निर्देशन रहेको छ । अमेरिकाको न्युयोर्क बस्दै आएकी सहाराले यसअघि 'चेजिङ रेन्बोज' शीर्षकको चलचित्र निर्देशन गरेकी थिइन् जुन चलचित्र सन् २०१३ मा भएको काठमाडौं अन्तर्राष्ट्रिय माउन्टेन फिल्म फेस्टिभलको ओपनिङ चलचित्र थियो । फिक्सन फिचरका साथ महोत्सवको उद्घाटन गर्ने सबैभन्दा कान्छी महिला निर्देशक बनेकी सहाराले यही महोत्सवको नेपाली पनोरोमातर्फको शीर्ष पुरस्कार पनि जितेकी थिइन् ।

'एक मुठी बादल'ले पनि थुप्रै अन्तर्राष्ट्रिय उपलब्धि हासिल गरेको छ । चलचित्रले युरोपियन पोस्ट-प्रोडक्सन ग्रान्ट हचुबर्ट बल्स फण्ड प्राप्त गर्ने महिला निर्देशक निर्देशित पहिलो नेपाली चलचित्रको रूपमा इतिहासमा नाम लेखाएको छ । योबाहेक चलचित्रले विश्वका प्रतिष्ठित ल्याबसँग सहकार्यको अवसर पाएको थियो । सन् २०२१ मा निर्माता अभिमन्यु दीक्षितले भारतको एनएफडिसी फिल्म बजारमा रोटरेडचाम ल्याब अवार्ड प्राप्त गरेका थिए । यसैगरी चलचित्रले फ्रान्सको कान फिल्म फेस्टिभलमा मार्चे डु फिल्मसँग सम्बन्धित कार्यक्रमहरू, स्विट्जरल्याण्डको लोकार्नो ओपन डोर्स कन्सल्टेन्सी र बंगलादेशको वेस्ट मिट्स इस्ट स्क्रिनप्ले ल्याबमा सहभागिता जनाएको थियो ।

यो फिल्मलाई अभिमन्यु दीक्षितले निर्माण गरेका हुन् भने निकुन श्रेष्ठ कार्यकारी निर्माताको रूपमा रहेका छन्। निर्माण टोलीमा जर्मन निर्माता सारा फाजिलात, सामीप्य राज तिमल्सेना र अनुप पौडेल रहेका छन् । जर्मनीमा बसोबास गर्ने फाजिलातले आफ्नो कम्पनी थर्ड कल्चर किड्समार्फत युरोप र एसियाभरि अन्तर्राष्ट्रियस्तरमा केन्द्रित चलचित्रहरू र उदीयमान चलचित्र निर्माताहरूलाई सहयोग गर्दै आएकी छन् ।

चलचित्रमा आँचल शर्मा, निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला, सहयोग अधिकारी, गौरव विष्ट, अविरलप्रताप अधिकारी आदि कलाकारको अभिनय रहेको छ । आँचलले माइली चरित्रको रूपमा केन्द्रीय भूमिका निर्वाह गरेकी छन् भने अनुभवी अभिनेत्री निशा तीन दशकभन्दा बढी समयपछि चलचित्र अभिनयमा फर्किएकी छन् । चलचित्रमा उषा आँचलको दिदीको भूमिकामा रहेकी छन् ।

चलचित्रको निर्माणमा अन्तर्राष्ट्रिय चलचित्रकर्मीको पनि सहभागिता रहेको छ । चलचित्रको छायांकन भियतनामकी लिन्ह डान गुयेन फानले गरेकी हुन् जसले फिचर फिल्म छायांकन गर्ने पहिलो भियतनामी महिलाको रूपमा इतिहास रचेकी थिइन् र यो उनको सातौं फिचर फिल्म हो । प्रडक्सन डिजाइन भारतकी यशस्वी सभरवालले गरेकी हुन्, जसको 'अल वि इम्याजिन एज लाइट'को कामले कान फिल्म फेस्टिभलमा ग्राण्ड प्रिक्स जितमा योगदान पुऱ्याएको थियो । सम्पादन भारतीय सम्पादक दीपा भाटियाद्वारा गरिएको हो, जो 'तारे जमिन पर'मा आफ्नो कामका लागि अन्तर्राष्ट्रियरूपमा परिचित छिन् । चलचित्रको कलर ग्रेडिङ थाइल्याण्डको ह्वाइट लाइटले गरेको हो ।

नेपालबाट फिल्मका विधागत प्रमुखहरूमा अग्रणी ठकुरी झा (कला), जानकी कडायत (भेषभूषा डिजाइन), कीर्ति जोशी (मेकअप) समावेश छन् । ची मुसी ची चलचित्रकी निर्देशक मर्णा जेम्सले फिल्मको प्रमुख सहायक निर्देशकको रूपमा काम गरेकी छन् भने उनलाई सहायकको रूपमा शर्मिला आले र मीरा खड्काले सघाएका छन् ।

## रंगशाला

# भारत बन्यो टी-२० विश्वकप च्याम्पियन



**काठमाडौं (प्रस)–** भारतले न्युजिल्याण्डलाई पराजित गर्दै आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । भारतको अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा आइतबार राति सम्पन्न फाइनलमा न्युजिल्याण्डलाई ९६ रनले हराउँदै भारतले विश्वकपको उपाधि जितेको हो । विश्वकपमा भारतको यो लगातार दोस्रो उपाधि हो । यसअघि सन् २०२४ मा भएको विश्वकपको उपाधि पनि भारतले जितेको थियो । सन् २००७ को विश्वकपमा पनि भारतले उपाधि जितेको थियो ।

आइतबार भारतले दिएको २५६ रनको विशाल लक्ष्य पछ्याएको न्युजिल्याण्ड १९ ओभरमा सबै विकेट गुमाउँदै १५९ रनमै समेटियो । न्युजिल्याण्डका लागि टिम सिफर्टले सर्वाधिक २६ बलमा दुई चौका र पाँच छक्काको मद्दतमा ५२ रन बनाए । त्यस्तै मिचेल स्यान्टनरले ३५ बलमा ४३ रन जोडे भने ड्यारिल मिचेलले ११ बलमा १७ रन बनाए । त्यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

बलिङतर्फ भारतका बलरहरू उत्कृष्ट देखिए । जसप्रित बुमराहले ४ ओभरमा १५ रन दिँदै चार विकेट लिए । त्यसैगरी अक्षर पटेलले तीन विकेट लिए भने हार्दिक पाण्ड्या, वरुण चक्रवर्ती र अभिषेक शर्माले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भारतले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै २५५ रनको योगफल बनाएको थियो । भारतका लागि सञ्जु सैमसनले उत्कृष्ट ब्याटिङ गर्दै ४६ बलमा पाँच चौका र आठ छक्कासहित सर्वाधिक ८९ रन बनाए । त्यस्तै अभिषेक शर्माले २१ बलमा ५२ रन जोडे भने इशान किशनले २५ बलमा ५४ रन बनाए । हार्दिक पाण्ड्याले १३ बलमा १८ रन बनाए । कप्तान सूर्यकुमार यादव भने एक बलमै आउट भए । अन्त्यतिर शिवम दुबेले आठ बलमा २६ रन बनाए भने तिलक वर्मा आठ रनमा अविजित रहे ।

न्युजिल्याण्डका लागि जेम्स निशमले तीन विकेट लिए । त्यस्तै म्याट हेनरी र रचिन रविन्द्रले समान एक-एक विकेट लिए ।

# पारा एथेटिक्स टोली भारत प्रस्थान

**काठमाडौं (प्रस)–** विश्व पारा एथलेटिक्स ग्राण्ड प्रिक्समा सहभागी हुन चार सदस्यीय नेपाली टोली आइतबार भारतको नयाँ दिल्ली प्रस्थान गरेको छ ।

मार्च १० देखि १३ तारिखसम्म हुने उक्त प्रतियोगितामा तीन पुरुष खेलाडी सहभागी हुने छन् । सटपुटमा हिमाल अर्याल, ज्याभ्लिन थ्रोमा मोहन रोका र ४०० मिटर दौडमा नवराज कार्कीले प्रतिस्पर्धा गर्ने छन् ।

टोली प्रमुखमा राष्ट्रिय पारा एथलेटिक्स संघ नेपालका सचिव साङबु भोटे रहेका छन् । टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय पारा एथलेटिक्स संघ नेपालका अध्यक्ष ओमनाथ सिवाकोटीले आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरे ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-11-25 (9th March, 2026)**

यस कार्यालयबाट मिति 2082/09/25, 2082/10/09, 2082/10/13 र मिति 2082/10/21 मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 (1) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन द्दण्टघ को दफा 27 (2) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Amount` (Including VAT & P.S) | Remarks |
|---|---|---|---|---|
| 14/NCB/WORKS/BLDG/ KPLRM/2082-83 | Construction of kitchen at khumjung Gumba kplrm-04 | Khumbila Construction kplrm-04,Solukhumbu | 3,242,275.00 | |
| 21/NCB/WORKS/ROAD/ KPLRM/2082-83 | Upgradation of Ngim Dorje Sherpa Paryatan Road from (CH-0+00 to Ch-02+040) | Kalimata Construction Company Pvt. Ltd. ktm-06, Nepal | 21,127,478.17 | |
| 26/NCB/WORKS/BLDG/ KPLRM/2082-83 | Construction of Khumbu kirat Rai shangralaya kplrm-02, solukhumbu | Solu Himalayan Construction Solududhkunda-07, Solukhumbu | 3,890,112.13 | |
| 27/NCB/WORKS/ BRIDGE/KPLRM/2082-83 | Construction of pedestrian Bridge at Gokyo lake kplrm-04, Solukhumbu | M.K Nirman Sewa Soluduhkunda-04, Solukhumbu | 49,778,370.83 | |
| 28/NCB/WOKS/BLDG/ KPLRM/2082-83 | Construction of Potato chips building at kplrm-02, muse Solukhumbu | Khumbu Green Nirman Sewa kplrm-03, Solukhumbu | 1,989,767.32 | |
| 29/NCB/WORKS/BLDG/ KPLRM/2082-83 | Construction of muse gumba lama quarter building at kplrm-02, Solukhumbu | Khumbu Green Nirman Sewa kplrm-03, Solukhum-bu | 2,451,991.25 | |
| 31/NCB/WORKS/BRDG/ KPLRM/2082-83 | Construction of land development of ward office at kplrm-01, Solukhumbu | Mongolian Infrastructure Group Pvt. Ltd. Gokarneshwor-09, ktm | 1,307,570.79 | |
| 32/NCB/WORKS/BRDG/ KPLRM/2082-83 | Construction of Bridge at Aarya at kplrm-05, Solukhumbu | Shree Bhangeri Nirman sewa necha betghari-05, Solukhumbu | 1,952,476.77 | |
| 33/NCB/WORKS/BRDG/ KPLRM/2082-83 | Construction of Bridge at Maralung lungden at kplrm-05, Solukhumbu | Shree Bhangeri Nirman sewa necha betghari-05,Solukhumbu | 1,951,687.86 | |
| 34/NCB/WORKS/BRDG/ KPLRM/2082-83 | Construction of Bridge at Thame Basti at kplrm-05, Solukhumbu | Shree Bhangeri Nirman sewa necha betghari-05, Solukhumbu | 1,950,444.97 | |
| 35/NCB/WORKS/ROAD/ KPLRM/2082-83 | Construction of saamde Barkhebhel roktham at kplrm-05, Solukhumbu | Samuyel Construction and Suppliers | 1,879,849.17 | |

**Chief Administrative Officer**



अन्तर्राष्ट्रिय महिला दिवसको दिन आइतबार भारतको जम्मूको बाहिरी इलाकामा रहेको ईंटा कारखानामा काम गर्दै एक महिला मजदुर । *तस्विरः एपी*

# छ महिनासम्म युद्ध लड्न सक्ने इरानको दाबी

**तेहरान–** मध्यपूर्वमा चर्किँदै गएको युद्धकाबीच इरानले आफ्नो सेना अमेरिका र इजरायलविरुद्ध महिनौंसम्म तीव्र लडाइँ गर्न सक्षम रहेको दाबी गरेको छ । इरानको रिभोलुसनरी गार्डस्ले आइतबार वर्तमान गतिमा युद्ध जारी रहे पनि इस्लामिक गणतन्त्रको सैन्य क्षमता कम्तीमा छ महिनासम्म तीव्र संघर्ष धान्न सक्ने बताएको हो ।

द्वन्द्व दोस्रो हप्तामा प्रवेश गरिसकेको अवस्थामा क्षेत्रभरि तनाव थप फैलिएको छ । इजरायलले लेबनानको राजधानी बेरुतको मध्यभागमा रहेको एक होटलमा लक्षित आक्रमण गरेपछि अवस्था झनै जटिल बनेको छ । उक्त होटलमा इरानको रिभोलुसनरी गार्डको विदेशी अपरेसन शाखा कुद्स फोर्ससँग सम्बन्धित कमाण्डरहरू रहेको दाबी इजरायली सेनाले गरेको छ ।



लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार उक्त आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ । घटनास्थलमा पुगेका एएफपीका फोटो पत्रकारहरूले भवनका झ्यालहरू फुटेको र पर्खालहरू जलेको अवस्था देखिएको बताएका छन् । यसैबीच इजरायली सेनाले आइतबार 'तेहरानका विभिन्न स्थानमा' नयाँ आक्रमणको लहर सुरु गरिएको जनाएको छ । इजरायलले ती आक्रमणहरू इन्धन भण्डारण केन्द्रसहित सैन्य पूर्वाधारसँग सम्बन्धित लक्ष्यहरूमा केन्द्रित रहेको बताएको छ ।

इरानले भने अमेरिका र इजरायलले शनिबार राजधानी तेहरानमा रहेको तेल भण्डारण केन्द्रमा आक्रमण गरेको आरोप लगाएको छ । इरानको ऊर्जा पूर्वाधारमाथि प्रत्यक्षरूपमा भएको यो पहिलो आक्रमण भएको तेहरानको दाबी छ । यस घटनापछि सेयर बजारमा गिरावट आएको र अन्तर ोष्ट्रियबजारमा कच्चा तेलको मूल्य बढेको उल्लेख गरिएको छ ।

रिभोलुसनरी गार्डस्का प्रवक्ता अली मोहम्मद नैनीका अनुसार इरानले अहिलेसम्म 'पहिलो र दोस्रो पुस्ताका' क्षेप्यास्त्र प्रयोग गरेको छ । तर आगामी दिनहरूमा अझ उन्नत र लामो दूरीका मिसाइलहरू प्रयोग गरिन सक्ने उनले संकेत गरे । क्षेत्रीयस्तरमा पनि तनाव फैलिँदै गएको देखिएको छ । साउदी अरेबियाले राजधानी रियादतर्फ लक्षित दर्जनौं ड्रोन रोकेको जनाएको छ । कुवेतले आफ्नो अन्तर्राष्ट्रिय विमानस्थल नजिकै इन्धन भण्डारण ट्यांकीहरूमा आक्रमण भएको जानकारी दिएको छ ।

कुवेतमा उड्डयन इन्धन भण्डारणमा भएको आक्रमणपछि ऊर्जा आपूर्तिबारे चिन्ता बढेको छ । कुवेतको राष्ट्रिय तेल कम्पनीले होर्मुजको जलडमरुमा बढ्दो जोखिमका कारण कच्चा तेल उत्पादन घटाउने निर्णय गरेको जनाएको छ । उक्त जलमार्गबाट विश्वको करिब पाँचौं भाग तेल तथा ग्यास पारवहन हुने गर्दछ ।

गत आइतबार कुवेतस्थित अमेरिकी सैन्य अड्डामा भएको ड्रोन आक्रमणमा छ जना अमेरिकी सैनिक मारिएका थिए । ती सैनिकहरूको शव स्वदेश फर्काउने कार्यक्रममा सहभागी हुँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि इरानसँगको युद्ध विस्तार हुने सम्भावनाबारे टिप्पणी गरेका थिए ।

यसैबीच इरानका सुरक्षा प्रमुख अली लारिजानीले ट्रम्प प्रशासनले भेनेजुएलामा जस्तै शासन परिवर्तनको योजना बनाएको आरोप लगाएका छन् । 'उनीहरूको सोच यो भेनेजुएलामा जस्तै हुने छ भन्ने थियो- उनीहरूले आक्रमण गर्ने छन्, नियन्त्रण लिने छन् र सबै समाप्त हुने छ,' उनले राज्य टेलिभिजनमा प्रसारित अन्तर्वार्तामा भनेका थिए, 'तर अहिले उनीहरू आफैं जटिल अवस्थामा परेका छन् ।'

इरानका न्यायपालिका प्रमुख घोलामहोसेन मोहसेनी एजेईले पनि मध्यपूर्वका ती देशहरूलाई चेतावनी दिएका छन् जसलाई उनले 'खुला वा गोप्यरूपमा सत्रुको नियन्त्रणमा रहेका' भन्दै आलोचना गरेका थिए । उनले त्यस्ता लक्ष्यहरूमाथि आक्रमण जारी रहने चेतावनी दिए ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले पनि आइतबार चेतावनी दिँदै कुनै छिमेकी देशको भूमि इरानविरुद्ध आक्रमण गर्न प्रयोग भए त्यसको जवाफ दिन तेहरान बाध्य हुने बताए । यस क्रममा इरानले यस क्षेत्रका अमेरिकी सम्पत्तिलाई लक्ष्य बनाउने चेतावनी दिएको छ । साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स र कुवेतले आइतबार विभिन्न प्रकारका आक्रमणको प्रयास भएको जानकारी दिएका छन् ।

कतारका अनुसार शनिबार इरानबाट दुईवटा क्रुज मिसाइल र १० वटा ब्यालेस्टिक मिसाइल प्रहार गरिएको थियो । संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयले पनि इरानबाट प्रक्षेपण गरिएका मिसाइल र ड्रोनहरू अवरोध गरिएको जनाएको छ । शनिबार सार्वजनिक भएको भिडियो फुटेजमा दुबई अन्तर्राष्ट्रिय विमानस्थल नजिकै एउटा प्रक्षेप्य दुर्घटनाग्रस्त भएको देखिएको थियो । त्यस्तै एएफपीका पत्रकारहरूले इराकको बगदाद र इरबिलमा पनि विष्फोटको आवाज सुनेका थिए ।

इरानभित्र पनि युद्धको असर बढ्दै गएको छ । पूर्वाधार तथा आवासीय क्षेत्रहरूमा क्षति बढिरहेको छ भने सर्वसाधारणबीच चिन्ता र असुरक्षाको भावना फैलिएको बताइएको छ । एक २६ वर्षीया शिक्षिकाले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा एएफपीसँग भने, 'युद्ध प्रत्यक्ष अनुभव नगरेको मानिसले यसको भयावहता बुझ्न सक्दैन ।'

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार शुक्रबारसम्म युद्धका क्रममा कम्तीमा ९२६ जना सर्वसाधारणको मृत्यु भएको छ भने करिब छ हजार जना घाइते भएका छन् । यद्यपि, एएफपीले यी तथ्यांक स्वतन्त्ररूपमा पुष्टि गर्न सकेको छैन । यसैबीच लेबनान पनि द्वन्द्वको चपेटामा परेको छ । खामेनीको मृत्युको प्रतिक्रियामा केही लडाकु समूहले इजरायलमाथि रकेट तथा ड्रोन प्रहार गरेपछि इजरायलले बेरुतको दक्षिणी उपनगरस्थित हेजबुल्लाहको बलियो आधार क्षेत्रमा हवाई आक्रमण सुरु गरेको हो ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो हप्तामा इजरायली हवाई आक्रमणमा कम्तीमा २९४ जनाको मृत्यु भएको छ । लेबनानका प्रधानमन्त्री नवाफ सलामले यस अवस्थालाई 'मानवीय प्रकोप' बन्न सक्ने चेतावनी दिए ।

यसैबीच, शनिबार इजरायलले इरानका सैन्य एकेडेमी, भूमिगत कमाण्ड सेन्टर तथा मिसाइल भण्डारण स्थलहरूलाई लक्षित गर्दै युद्ध सुरु भएयताकै सबैभन्दा ठूलो हवाई आक्रमण गरेको जनाएको छ । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले इजरायलले तेहरानको आकाशमा लगभग पूर्णनियन्त्रण हासिल गरेको दाबी गरेका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले पनि इरान आणविक हतियार विकासको नजिक पुगेको दाबी दोहोऱ्याएका छन् । उनले इरानको समृद्ध युरेनियम भण्डार सुरक्षित गर्न अन्ततः अमेरिकी सेना प्रयोग गर्नुपर्ने अवस्था आउन सक्ने संकेत पनि गरे ।

यसैबीच, इरानको मिनाब सहरस्थित एक प्राथमिक विद्यालयमा शनिबार भएको घातक आक्रमणमा कम्तीमा १५० जनाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् । उक्त घटनाका लागि इरानले अमेरिकालाई दोष दिएको छ भने अमेरिका र इजरायल दुवैले जिम्मेवारी अस्वीकार गरेका छन् । एएफपीले पनि घटनाको स्वतन्त्र पुष्टि गर्न सकेको छैन ।

विश्लेषकहरूका अनुसार हाल देखिएको संघर्ष छिट्टै अन्त्य हुने संकेत देखिएको छैन । अमेरिका र इजरायलका अधिकारीहरूलेसमेत यो द्वन्द्व कम्तीमा एक महिना वा त्योभन्दा लामो समयसम्म जारी रहन सक्ने अनुमान गरेका छन् । यसैबीच वासिङ्टनले इरानमा स्वीकार्य नेतृत्व आए अर्थतन्त्र पुनर्निर्माणमा सहयोग गर्न सकिने संकेत दिएको छ । तर तेहरानले यस प्रस्तावलाई अस्वीकार गरेको छ ।

इरानसँग नजिकको सम्बन्ध भए पनि चीन र रुस भने हालसम्म यस द्वन्द्वमा प्रत्यक्ष रूपमा सक्रिय देखिएका छैनन् । चीनका विदेशमन्त्री वाङ यीले आइतबार मध्यपूर्वमा सुरु भएको युद्धबारे टिप्पणी गर्दै यस्तो द्वन्द्व कहिल्यै सुरु हुनु नपर्ने बताएका छन् ।

'यो यस्तो युद्ध हो जुन कहिल्यै हुनु हुँदैन थियो,' उनले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए, 'सैन्य शक्तिले उचित कारण प्रमाणित गर्दैन, संसार फेरि जंगलको नियममा फर्किन सक्दैन ।' *रासस/एएफपी*

# मध्यपूर्व युद्धप्रति चीनको कडा आपत्ति, अमेरिकालाई सम्बन्ध सुधार्न आग्रह

**बेइजिङ–** चीनका विदेशमन्त्री वाङ यीले मध्यपूर्वमा फैलिएको युद्धप्रति कडा असन्तोष व्यक्त गर्दै अन्तर्राष्ट्रिय विवाद समाधानका लागि शक्ति प्रयोगभन्दा संवाद र सहकार्य आवश्यक रहेको बताएका छन् । उनले विशेषगरी अमेरिकासँगको सम्बन्ध व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याउँदै दुई शक्तिबीचको मतभेदलाई जिम्मेवार ढंगले सम्हाल्न आग्रह गरे ।



चिनियाँ राजधानी बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै विदेशमन्त्री यीले इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणबाट सुरु भएको द्वन्द्व विश्व शान्तिका लागि चिन्ताजनक भएको बताए । उनका अनुसार यस्तो युद्ध सुरु हुनु नै नपर्ने थियो । उनले बल प्रयोगलाई समस्याको समाधानका रूपमा स्वीकार गर्न नसकिने स्पष्ट पारे । 'सैन्य शक्तिले उचित कारण सिद्ध हुँदैन,' उनले भने, 'संसार फेरि जंगलको नियममा फर्किन सक्दैन ।'

चीनको वार्षिक राजनीतिक कार्यक्रम 'दुई सत्र'का अवसरमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो धारणा व्यक्त गरेका हुन् । चीनको संसद् र राजनीतिक परामर्शदात्री निकायका समानान्तर बैठकहरू यसै साता सुरु भएका छन् । यी बैठकहरूलाई बदलिँदो भूराजनीतिक परिस्थितिमा चिनियाँ नेतृत्वका नीति र प्राथमिकताबारे संकेत दिने महत्त्वपूर्ण राजनीतिक घटनाका रूपमा हेरिन्छ । उक्त पत्रकार सम्मेलनमा यीले चीन-अमेरिका सम्बन्ध, व्यापारिक तनाव, दक्षिण चीन सागरमा देखिएको क्षेत्रीय विवाद, मध्यपूर्वको द्वन्द्व तथा युक्रेन युद्धलगायतका विषयमा विस्तृत रूपमा टिप्पणी गरेका थिए ।

उनका अनुसार सन् २०२६ चीन र अमेरिकाबीचको सम्बन्धका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण वर्ष बनेको छ । दुई शक्तिबीच प्रतिस्पर्धा बढ्दै गए पनि सम्बन्ध व्यवस्थापन गर्नु दुवै पक्षका लागि आवश्यक रहेको उनले उल्लेख गरे । गत वर्ष डोनाल्ड ट्रम्प पुनः अमेरिकी राष्ट्रपति बनेपछि वासिङ्टन र बेइजिङबीचको सम्बन्ध अझ तनावपूर्ण बनेको छ । त्यसपछि दुवै देशले एकअर्काका उत्पादनमा प्रतिशोधात्मक शुल्क लगाउँदै व्यापार युद्धलाई तीव्र बनाएका छन् ।

'हामीले केही देशहरूले कर अवरोधहरू खडा गरेको र आर्थिक निर्भरता घटाउने तथा आपूर्ति शृंखलामा अवरोध सिर्जना गर्ने प्रयास गरिरहेको देखेका छौं,' उनले भने । उनले त्यस्ता कदमलाई समस्या समाधानभन्दा झन् जटिल बनाउने नीति भएको टिप्पणी गरे ।

'यस्ता कार्यहरू आगो निभाउन इन्धन प्रयोग गर्नुजस्तै हुन्,' उनले भने, 'अन्ततः यसले उल्टै प्रहार गर्छ र आफूलाई नै क्षति पुऱ्याउँछ ।' उनका अनुसार चीन र संयुक्त राज्य अमेरिका एकअर्कालाई परिवर्तन गराउन सक्ने अवस्थामा छैनन्, तर आपसी सम्बन्ध सञ्चालन गर्ने तरिका भने सुधार गर्न सकिन्छ । त्यसैले दुवै पक्षले संवादको वातावरण सिर्जना गर्न, विद्यमान मतभेदलाई व्यवस्थापन गर्न र अनावश्यक हस्तक्षेप हटाउन प्रयास गर्नुपर्ने उनले बताए ।

यद्यपि, दुई देशबीच विभिन्न मुद्दामा गहिरा मतभेद कायम रहेका छन् । बेइजिङले इरानमाथि अमेरिका र इजरायलले गरेको सैन्य आक्रमणको कडा आलोचना गर्दै आएको छ । इरानसँग चीनको कूटनीतिक र व्यापारिक सम्बन्ध नजिक रहेको मानिन्छ । विशेषगरी इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या भएको घटनाप्रति चीनले कडा विरोध जनाएको छ ।

त्यसैगरी विदेशमन्त्री यीले रूससँग चीनको सम्बन्ध स्थिर र दृढ रहेको बताए । युक्रेन युद्धका कारण पश्चिमी देशहरूले मस्कोमाथि आलोचना गरिरहे पनि चीन-रूस सम्बन्ध 'स्थिर र अडिग' रहेको उनको भनाइ थियो । चीनले पछिल्लो समय अमेरिकी विदेश नीतिको अनिश्चितताबाट कूटनीतिक अवसर खोजिरहेको विश्लेषकहरू बताउँछन् । विशेषगरी ट्रम्प प्रशासनको अप्रत्यासित नीतिका कारण परम्परागत अमेरिकी साझेदार देशहरूले वैकल्पिक सहकार्य खोज्न थालेको चीनको दाबी छ ।

यसै सन्दर्भमा फ्रान्स, क्यानाडा, फिनल्याण्ड र बेलायतलगायत विभिन्न देशका नेताहरू हाल बेइजिङमा भेला भएका छन् । ग्रिनल्याण्ड कब्जा गर्ने ट्रम्पको प्रस्ताव र नाटो साझेदार हरूमाथि कर लगाउने धम्कीपछि केही पश्चिमी मुलुकहरूबीच असन्तोष बढेको बताइन्छ । यीले युरोपेली नेताहरूको चीन भ्रमणलाई सकारात्मक संकेतका रूपमा स्वागत गरे । उनले धेरै युरोपेली नीति-निर्माताहरूले चीनलाई प्रतिस्पर्धीभन्दा विश्वव्यापी साझेदारका रूपमा हेर्न थालेको उल्लेख गरे ।

'हामीले देखिरहेका छौं कि धेरै अन्तर्दृष्टिपूर्ण युरोपेलीहरू चीन प्रतिस्पर्धीमात्र होइन, विश्वव्यापी साझेदार हो भन्ने बुझाइमा पुगेका छन्,' उनले भने, 'हामी युरोपेली साझेदारहरूलाई संरक्षणवादी सोचबाट बाहिर निस्केर चिनियाँ बजारमा आएर प्रतिस्पर्धा गर्न स्वागत गर्छौं ।' त्यहाँ प्रतिस्पर्धा गर्दै आफ्नो आर्थिक क्षमता सुदृढ बनाउन सकिने उनको भनाइ थियो ।

आर्थिक सम्बन्ध विस्तार गर्ने प्रयासस्वरूप चीनले फ्रान्स, जर्मनी र बेलायतसहित करिब ५० देशका नागरिकलाई भिसामुक्त यात्रा सुविधा प्रदान गर्ने व्यवस्था गरेको छ । यसका साथै बेइजिङले क्यानाडा र बेलायतबाट चीनतर्फ हुने केही निर्यात वस्तुमा लाग्ने शुल्क घटाउन पनि सहमति जनाएको जनाएको छ ।

पत्रकार सम्मेलनमा मन्त्री यीले चीन-जापान सम्बन्धबारे पनि टिप्पणी गरे । गत नोभेम्बरमा जापानी प्रधानमन्त्री साने ताकाइचीले ताइवानको अवस्थाबारे टिप्पणी गर्दै सम्भावित परिस्थितिमा जापानले भूमिका खेल्न सक्ने संकेत गरेपछि दुई देशबीच केही मतभेद देखिएको थियो । बेइजिङले ताइवानलाई आफ्नो अभिन्न भूभाग मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गरेर पनि पुनःएकीकरण गर्ने सम्भावनालाई अस्वीकार गरेको छैन ।

यीले ताइवानसम्बन्धी विषय चीनको मूल राष्ट्रिय चासोको केन्द्रमा रहेको स्पष्ट पारे । उनका अनुसार ताइवानलाई चीनबाट अलग पार्ने प्रयास कसैले पनि सफल बनाउन सक्ने अवस्था छैन । दोस्रो विश्वयुद्धताका जापानले गरेको औपनिवेशिक विस्तारलाई संकेत गर्दै यीले टोक्योलाई त्यस्तै 'विनाशकारी गल्ती' पुनः नदोहोऱ्याउन चेतावनी दिए । चीनले कुनै पनि शक्तिलाई उपनिवेशवादको पक्षमा उभिन नदिने उनले स्पष्ट पारे ।

ताइवानको प्रश्नलाई 'लक्ष्मण रेखा'का रूपमा व्याख्या गर्दै उनले यसलाई पार गर्ने वा कुल्चने प्रयास स्वीकार्य नहुने कडा चेतावनी दिए । *रासस/एएफपी*

# खामेनीका उत्तराधिकारीबारे बहुमत सहमति

**तेहरान–** इरानका दिवंगत सर्वोच्च नेता आयातुल्ला अली खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा महत्त्वपूर्ण प्रगति भएको बताइएको छ । तेहरानस्थित मेहर समाचार एजेन्सी (एमएनए)का अनुसार इरानको शक्तिशाली धार्मिक निकाय 'एसेम्बली अफ एक्सपर्टस्' भित्र खामेनीको उत्तराधिकारीको विषयमा बहुमत सहमति बनेको जनाइएको छ, यद्यपि औपचारिक घोषणा भने अझै हुन बाँकी रहेको छ ।

एसेम्बली अफ एक्सपर्टस्का सदस्य मिरबाकेरीलाई उद्धृत गर्दै उक्त प्रतिवेदनले उत्तराधिकारी चयनको विषयमा अधिकांश सदस्यहरूबीच सहमति बनेको उल्लेख गरेको छ । तर केही प्रक्रियागत अवरोधहरू समाधान गर्न बाँकी रहेकाले नेतृत्व हस्तान्तरणको प्रक्रिया अझै पूर्णरूपमा सम्पन्न नभएको बताइएको छ ।

खामेनीको हत्या भएपछि उत्पन्न नेतृत्व शून्यताबीच उत्तराधिकारी चयनको प्रक्रिया अघि बढिरहेको हो । ८६ वर्षका खामेनीको मृत्यु अमेरिकासँग सम्बन्धित र इजरायली आक्रमणसँग जोडिएको घटनामा भएको बताइएको छ । त्यसपछि इरानको राजनीतिक तथा सुरक्षा अवस्था थप संवेदनशील बनेको छ ।

यसबीच इरानको नेतृत्व परिषद्ले पनि उत्तराधिकारी नियुक्ति प्रक्रिया अगाडि बढिरहेको संकेत दिएको छ । यस हप्ताको बुधबार परिषद्ले राज्य सञ्चारमाध्यमलाई चाँडै नै नयाँ सर्वोच्च नेता नियुक्त गरिने जानकारी दिएको थियो ।

तस्निम समाचार एजेन्सीले सार्वजनिक गरेको भिडियोमा एक सरकारी अधिकारीले राज्य टेलिभिजनसँग कुरा गर्दै नेतृत्वको विषयमा कुनै जटिल समस्या उत्पन्न नभएको बताएका छन् । उनका अनुसार हाल नेतृत्व परिषद्ले नै देशको प्रशासनिक जिम्मेवारी सम्हालिरहेको छ । 'भगवान्को कृपाले हामी निर्णयको नजिक पुगेका छौं, तर अहिलेको परिस्थिति युद्धको अवस्था हो,' उनले उनले भनेका थिए ।

उनले हालको संक्रमणकालीन अवस्थालाई इरानका संस्थापक नेता आयातोल्लाह रुहोल्लाह खामेनीको निधनपछि भएको नेतृत्व परिवर्तनसँग तुलना गरेका छन् । उनका अनुसार त्यसबेला तत्कालै नयाँ नेता नियुक्त गर्न सम्भव भएको थियो, किनकि देश युद्धको अवस्थामा थिएन । अहिले भने क्षेत्रीय तनाव र सैन्य द्वन्द्व जारी रहेकाले प्रक्रिया केही जटिल बनेको उल्लेख गरिएको छ ।

यद्यपि, यस्तो परिस्थितिमा पनि एसेम्बली अफ एक्सपर्टस् सक्रियरूपमा नयाँ सर्वोच्च नेता चयन गर्ने प्रक्रियामा जुटिरहेको उनले बताए । यसबीच सम्भावित उत्तराधिकारीका विषयमा विभिन्न अड्कलबाजी पनि भइरहेका छन् । इजरायली सञ्चारमाध्यमहरूले खामेनीका छोरा मोजताबा खामेनीलाई उत्तराधिकारीका रूपमा चयन गरिएको दाबी गरेका थिए ।

तर इरान सरकारले ती दाबीहरूलाई अस्वीकार गरेको छ । मुम्बईस्थित इरानी महावाणिज्य दूतावासले सामाजिक सञ्जाल एक्समार्फत वक्तव्य जारी गर्दै उत्तराधिकारीका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित समाचारहरूको कुनै आधिकारिक आधार नभएको जनाएको छ ।

वक्तव्यमा भनिएको छ, 'इरानको एसेम्बली अफ एक्सपर्टस्द्वारा चयन गरिने नेतृत्वका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित रिपोर्टहरूको कुनै आधिकारिक स्रोत छैन र ती दाबीहरू आधिकारिक रूपमा अस्वीकार गरिएको छ ।' यद्यपि इजरायली मिडियाले मोजताबा खामेनी चयन भएको दाबी गरे पनि इरानका सरकारी सञ्चारमाध्यमले त्यसको स्वतन्त्र पुष्टि गरेका छैनन् । *रासस/एएनआई*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१६९०० | प्रति तोला – ० | प्रति तोला – ५४७५ |

पहिलो दल बनेको रास्वपाको चुनावी वाचापत्र

# यस्ता छन् आर्थिक सुधारका 'एजेण्डा'

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा सबैभन्दा ठूलो दल बनेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकार गठनको तयारीमा छ। निर्वाचनअघि सार्वजनिक गरिएको चुनावी वाचापत्रमा रास्वपाले आर्थिक सुधारलाई केन्द्रमा राख्दै उत्पादकत्व वृद्धि, नियामक सुधार, लगानीमैत्री वातावरण, 'डिजिटल' अर्थतन्त्र, वित्तीय क्षेत्र सुधारलगायत विषयलाई प्रमुख 'एजेण्डा' बनाएको थियो। अब सरकार गठनपछि ती प्रतिबद्धताहरू कार्यान्वयन कसरी अघि बढ्छन् भन्ने स्वाभाविक चासोको विषय हो। यहाँ रास्वपाको वाचापत्रमा राखिएका आर्थिक एजेण्डालाई केलाइएको छ।

## उत्पादकत्व वृद्धि र उद्यममैत्री वातावरण

आर्थिक उन्नयनको मूल आधारका रूपमा थितिसहितको आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि गर्ने रास्वपाको वाचापत्रमा उल्लेख गरेको छ। सीमित समय, पुँजी र साधनस्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्नुलाई दीर्घकालीन समृद्धिको मार्गका चित्रित गरिएको छ। यसका लागि जोखिम बहन गर्न तत्पर निजी लगानी र सक्षम, पारदर्शी तथा सहजीकरणमुखी सार्वजनिक भूमिकाको प्रभावकारी समन्वय आवश्यक रहेको वाचापत्रमा उल्लेख छ। चुनावी घोषणापत्रमा निजी क्षेत्रले रोजगारी सिर्जना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पुँजी प्रवाहमा अग्रणी भूमिका खेल्ने र सरकारको भूमिका नियामक तथा सहजीकरणकर्ताको मात्र हुने स्पष्ट पारिएको छ।

त्यस्तै, नीतिगत दोहन तथा कृत्रिम अवरोधहरूको अन्त्य गर्दै नवप्रवर्तन, उद्यमशीलता र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने सर्वाधिक उद्यममैत्री व्यावसायिक वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि पार्टीले जनाएको थियो। युवा-केन्द्रित जनसांख्यिक लाभांशलाई अवसरमा रूपान्तरण गर्दै आगामी १०-१५ वर्षभित्र संरचनात्मक आर्थिक रूपान्तरण हासिल गर्न नसके दीर्घकालीनरूपमा न्यून आयजालमा फस्ने यथार्थप्रति पार्टी सजग रहेको जनाइएको थियो। त्यसैले उत्पादकत्व वृद्धि, सीप विकास, पुँजी निर्माण र प्रविधि-आधारित औद्योगिकीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने उल्लेख छ।

## नियामक सुधार र सामाजिक बजार अर्थतन्त्र

कार्टेल, अस्वस्थ प्रतिस्पर्धा, रेन्ट-सिकिङ तथा नीतिगत दोहनजस्ता विकृतिहरू नियन्त्रण गर्न राजनीतिक हस्तक्षेपबाट मुक्त, पेसागत, पारदर्शी र शक्तिशाली नियामकीय निकायहरूको निर्माण तथा सुदृढीकरण गरिने पनि वाचापत्रमा उल्लेख छ। राजनीति र नियमनबीचको अनुचित साँठगाँठ अन्त्य गर्दै नवप्रवर्तन, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक उत्तरदायित्वलाई सन्तुलितरूपमा प्रवर्द्धन गर्ने सामाजिक बजार अर्थतन्त्रको रूपरेखाभित्र नेपालको यथार्थ अनुकूल, सन्तुलित र दिगो आर्थिक मोडल अवलम्बन गरिने पनि जनाइएको छ।

निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणलाई सन्तुलित रूपमा संयोजन गरिने विषय वाचापत्रमा राखिएको छ। अबको लोककल्याणकारी राज्य लाभ वितरणमामात्र सीमित नभई वृद्धिको स्वरूपलाई रूपान्तरण गर्दै दीर्घकालीन आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनको आधार निर्माण गर्ने लक्ष्य पनि राखिएको छ।

## वृद्धिको लक्ष्य र कानुनी सुधार

आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गरिने घोषणा गरिएको थियो। झण्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृंखलाबद्धरूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रहरूमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गरिने उल्लेख छ।

पहिलो दल रास्वपाले नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक' बनाउन अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाल्ने लक्ष्य राखेको छ। यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य पनि लिइएको छ। कुन ऐन र नियमावली खारेज वा संशोधन गर्ने भन्ने निर्णयको आधार स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसंघ र उद्योग वाणिज्य महासंघका सुझाव लिइने पनि उल्लेख छ।

> आर्थिक उन्नयनको मूल आधारका रूपमा थितिसहितको आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि गर्ने रास्वपाको वाचापत्रमा उल्लेख गरेको छ। सीमित समय, पुँजी र साधनस्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्नुलाई दीर्घकालीन समृद्धिको मार्गका चित्रित गरिएको छ। यसका लागि जोखिम बहन गर्न तत्पर निजी लगानी र सक्षम, पारदर्शी तथा सहजीकरणमुखी सार्वजनिक भूमिकाको प्रभावकारी समन्वय आवश्यक रहेको वाचापत्रमा छ।

## कर नीति र विनिमय दर पुनरावलोकन

सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने दल भएकाले निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करको बोझ घटाइने बताइएको छ। कर कानुन तथा नियमहरू भूतप्रभावी ढंगले नलगाइने र नियोजित कर छली रोकिने उल्लेख छ। मध्यम वर्गीय परिवार र बालबालिकाको उज्ज्वल भविष्यका लागि 'पारिवारिक भार' का आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ।

शिक्षा, स्वास्थ्य तथा पालनपोषण खर्चबापत निश्चित रकम करयोग्य आयबाट घटाउन पाउने कानुनी व्यवस्था गर्दै संस्थागत बचत कार्यक्रमहरूलाई प्रश्रय दिइने उल्लेख छ। त्यस्तै, भारतीय रूपैयाँसँग तीन दशकदेखि स्थिर विनिमय दर कायम रहेकामा विशिष्ट अन्तर्राष्ट्रिय प्राज्ञहरूसमेतको सहभागितामा यस प्रणालीको अध्ययन र पुनरावलोकन गरिने पनि घोषणापत्रमा उल्लेख छ।

## लगानी, सार्वजनिक संस्थान र आयोजना व्यवस्थापन

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित 'वान स्टप' सेवा केन्द्रको कार्यान्वयन गरिने उल्लेख छ। डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्करूपमा व्यवसाय दर्ता गराउने व्यवस्था मिलाइने जनाइएको छ। राजस्व न्यायाधिकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरी भ्रष्टाचार नियन्त्रण गर्न चार्टर्ड एकाउन्टेन्टहरूको बाहुल्य रहेको दक्ष पेसागत एकाइ निर्माण गरिने पनि वाचापत्रमार्फत रास्वपाले आफ्नो नीति रहेको जनाएको छ।

सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी केहीलाई गाभ्ने, केही निजी-सार्वजनिक मोडलमा लैजाने, केहीमा रणनीतिक साझेदार भित्र्याउने र अन्यलाई विकेन्द्रित गर्ने, र केहीको अचल सम्पत्तिको स्वामित्व सरकारका नाममा ल्याउने विकल्पमा अघि बढ्ने उल्लेख छ। सार्वजनिक आयोजनाहरूलाई स्पष्ट उद्देश्य, सुनिश्चित बजेट र समयसीमासहित लक्ष्य-केन्द्रित कार्यशैली (मिसन मोड) मा कार्यान्वयन गरिने र आयोजना सम्पन्न नभएसम्म प्रमुख तथा खटिएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था गरिने जनाइएको छ।


विगत १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई आगामी दुई वर्षभित्र अनिवार्य सम्पन्न गर्नेगरी 'नतिजामुखी समयबद्ध कार्ययोजना' लागू गरिने उल्लेख थियो भने अबको पाँच वर्षमा १० वटा नयाँ विविधीकृत क्षेत्रका आयोजनाहरूलाई 'राष्ट्रिय गौरव'को सूचीमा समावेश गरी 'फास्ट ट्र्याक' मोडेलमा अगाडि बढाइने पनि वाचापत्रमा उल्लेख छ।

## वित्तीय क्षेत्र सुधार

सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैरबैंकिङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याइने उल्लेख छ। त्यस्तै, ५० करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तहरूलाई अनिवार्यरूपमा राष्ट्र बैंकको कडा नियमनमा ल्याइने र साना संस्थाहरूको व्यवस्थित सञ्चालनका लागि एक उच्चाधिकार सम्पन्न 'दोस्रो तहको नियामक' गठन गरिने वाचापत्रमा जनाइएको छ।

कर्जा प्रवाहमा हुने दोहोरोपन र 'ऋणको पासो' अन्त्य गर्न सहकारी र लघुवित्त दुवैलाई 'कर्जा सूचना केन्द्र' सँग जोडी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह हुने सुनिश्चित गरिने नीति रास्वपाले लिने वाचापत्रमा राखिएको छ। ब्याजदरलाई आधारदरसँग जोडेर केही प्रतिशतमात्र प्रिमियम लिन पाउने स्वचालित प्रणाली लागू गरी चर्को ब्याज र अनुचित सेवा शुल्कको अन्त्य गरिने बताइएको छ।






## बचत सुरक्षा र मिटरब्याज अन्त्य

सरकार गठन भएको १०० दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गरिने र बचतकर्ताहरूको कमाई सुरक्षित गर्न राज्यका तर्फबाट एक 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गरिने उल्लेख छ। 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप बचत फिर्ता गर्न तयार सञ्चालक वा व्यवस्थापन पक्षलाई मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिने पनि जनाइएको छ। मिटर ब्याज र अनुचित लेनदेनलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोहरूलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पारिने उल्लेख छ। विगतमा गरिएका सबै अवैध तमसुक र कपाली तमसुकहरूको न्यायिक छानबिन गरी पीडितहरूको जग्गा र सम्पत्ति फिर्ता गराउन एक अधिकार सम्पन्न 'द्रुत न्याय कार्यदल' गठन गरिने पनि वाचापत्रमार्फत सार्वजनिक गरिएको थियो।

## पुँजी बजार र डिजिटल अर्थतन्त्र

पुँजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार गर्दै नेप्सेलाई अन्तर्राष्ट्रिय स्तरको बनाइने, इन्साइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिने उल्लेख छ। पेन्सन फण्ड, बिमा, म्युचुअल फण्डलाई सक्रिय लगानी गर्न प्रोत्साहन गर्दै ऋण बजार र बण्ड बजारको विकास गरिने, गैरआवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति बनाइने र वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याइने जनाइएको थियो।

नेपालको विशिष्ट भूगोल र अवस्थालाई ध्यानमा राख्दै 'सीमारहित अर्थतन्त्र' को अवधारणालाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राखिने र श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई सेवा निर्यातमुखी तथा ज्ञान-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल रूपान्तरणलाई प्रमुख आधार बनाइने उल्लेख छ। यसका लागि परिमार्जित तथा विस्तारित बृहत् डिजिटल नेपाल फ्रेमवर्क निर्माण गरी नीति सुधार, पूर्वाधार विकास र सार्वजनिक-निजी लगानी अभिवृद्धि गरिने पनि घोषणापत्रमा उल्लेख थियो।

रास्वपाले गत निर्वाचनका लागि सार्वजनिक गरेको चुनावी वाचापत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने 'रेमिटचान्स'लाई उछिन्दै सूचना प्रविधि (आइटी) क्षेत्रलाई देशको प्रमुख आर्थिक आधार बनाउने महत्त्वाकांक्षी योजना सार्वजनिक गरेको थियो। आइटी क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्ने उल्लेख गर्दै यसलाई देशको सबैभन्दा ठूलो निर्यातजन्य क्षेत्र बनाउने लक्ष्य लिएको छ। सूचना प्रविधि क्षेत्रको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य रास्वपाले लिएको छ। यस लक्ष्यलाई साकार पार्न पार्टीले एक स्वायत्त 'आइटी प्रवर्द्धन बोर्ड' गठन गर्ने जनाएको छ। यस क्षेत्रको विकासका लागि विशेष आयकर सहुलियत, वैदेशिक लगानी भित्र्याउन र नाफा स्वदेश फिर्ता लैजान सरल नीति तथा बौद्धिक सम्पत्ति धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ।

## सातै प्रदेशमा डिजिटल पार्क, पाँच लाख रोजगारी

नेपाललाई 'ग्लोबल टेक हब'का रूपमा विकास गर्न रास्वपाले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गर्ने योजना सार्वजनिक गरेको छ। यसबाट प्रत्यक्षरूपमा पाँच लाख युवालाई रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ। यसका लागि डिजिटल इकोसिस्टम निर्माणमा जोड दिँदै सञ्चार पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा र साइबर सुरक्षामा ठूलो लगानी गरिने उल्लेख छ।

## 'क्यासलेस सोसाइटी' र स्वदेशी स्टार्टअपलाई प्राथमिकता

रास्वपाले नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै सबै आर्थिक कारोबारलाई एकीकृत डिजिटल प्लेटफर्ममा आबद्ध गरी 'क्यासलेस सोसाइटी' निर्माण गर्ने योजना अघि सारेको छ। यसले भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रणमा मद्दत पुग्ने वाचापत्रमा उल्लेख छ। स्वदेशी स्टार्टअपहरूलाई विश्वव्यापी बजारसँग जोड्न 'अन्तर्राष्ट्रिय पेमेन्ट गेटवे'का कानुनी र प्राविधिक अवरोधहरू तत्काल हटाउने प्रतिबद्धता पनि पार्टीले जनाएको छ।

## एआई र क्रिप्टोमा नेपालको सम्भावना

रास्वपाले नेपाललाई कच्चा विद्युत्मात्र निर्यात गर्ने देशबाट 'कृत्रिम बौद्धिकता' (एआई) र 'कम्प्युटेसन' शक्ति निर्यात गर्ने देशमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ। नेपालको स्वच्छ ऊर्जा, चिसो मौसम र भौगोलिक संरचनालाई डेटा सेन्टर सञ्चालनका लागि उपयुक्त मान्दै जलविद्युत् आयोजना नजिकै उच्च क्षमताका डेटा सेन्टर स्थापना गरिने छ। यसबाट 'ग्रिन जिपियू कम्प्युटिङ' सेवा एसियालाई निर्यात गर्न सकिने रास्वपाको दाबी छ। यस्तै, एक वर्षभित्र विश्वव्यापी अध्ययनका आधारमा क्रिप्टोकरेन्सीको नियमन र उपभोक्ता संरक्षणबारे स्पष्ट राष्ट्रिय नीति ल्याइने र क्रिप्टो माइनिङको सम्भावनालाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाइने जनाइएको छ।

## डिजिटल रोजगारी र 'रिमोट वर्क'

विश्वव्यापी श्रमबजारको परिवर्तनलाई आत्मसात् गर्दै रास्वपाले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने जनाएको छ। यसका लागि श्रम ऐन संशोधन गरी 'रिमोट वर्क' र डिजिटल रोजगारीलाई वैधानिक मान्यता दिइने छ। साथै, 'डिजिटल नोम्याड' (घुमन्ते डिजिटल कर्मचारी) लाई आकर्षित गर्न विशेष भिसा र बसोबासको नीतिगत व्यवस्था गरिने वाचापत्रमा उल्लेख छ। *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ